;+jwfg;ef lgjf{rg dfk{mt nf]stflGqs ;+jwfgM :jtGqtfsf]/Iff / >dhLjL kqsf/sf]lxtdf xfdf]cleofg

# पत्रकारिता

PATRAKARITA

kmfNu0f–r}q, @)^(




lt{f/L zlnuf]d

# सहकर्मीलाई साथ



2bl v8sf

kqsf/ /d]z rfln;]sf] d[Todf kl/jf/nfO{ ug{ dxf;+3sf ;b:ox?af6 p7fOPsf] &,#\$,!^\$÷- ?k}ofF‌sf] r]s pgsf kl/jf/ nfO{x:tfGt/0f ub}{ dxf;+3sf kbflwsf/L -dfly_ .

le/af6 v;]sf 9Ëf nfu]/ ulDe/ ePsf aemfªsf kqsf/ g/]z v8\sfnfO{ dxf;+3n] cfk\g}v r{df x]nsK6/af6 pkrf/sf nflu gk\fnu~h tk{ Nofpb}.

## सम्पादकीय

# चुनौतीबीच पत्रकारिता

नेपाल पत्रकार महासंघको २३ औं महाधिवेशन सम्पन्न भएको दुई वर्ष पूरा भएको छ । यसबीचमा पत्रकार साथीहरूले भोगेका विभिन्न अप्ठ्यारा महासंघले अनुभूत गरेको छ । ज्यान गुमाएका, भौतिक आक्रमण सहेका, विस्थापित भएका, धम्की बेहोरेका र पारिश्रमिक नपाएर मानसिक यातना पाएका श्रमजीवी पत्रकारका समस्यासूग साक्षात्कार गरेको छ । यी तमाम समस्यालाई लम्बिँदो संक्रमणकालले मलजल गरेको छ भन्ने हाम्रो ठहर छ । ०६२/०६३ को जनआन्दोलनबाट प्राप्त उपलब्धिलाई संस्थागत हुन नसक्दाको पीडा राज्यको चौथो अंगले प्रत्यक्ष भोगिरहेको छ । यस्ता समस्या अन्य तह र तप्कामा छैन भन्ने होइन ।

निर्धारित समयमा संविधान बन्न नसक्दा जसरी राज्यका विभिन्न अवयवहरूले काम गर्न सकेनन्, त्यसको सीधा प्रभाव पत्रकारिता क्षेत्रमा पर्‍यो । युद्धकालमा मारिएका र बेपत्ता पारिएका पत्रकारहरूलाई न्याय दिलाउन एक न्यायिक छानबिन आयोग बनाउन राज्यसूग नेपाल पत्रकार महासंघले माग गर्दै आएको छ । दैलेखका पत्रकार डेकेन्द्र थापाका हत्यारालाई पक्राउ गरेर मात्रै राज्यको दायित्व पूरा हूदैन । मारिएका ३३ जना र बेपत्ता पारिएका ३ जना पत्रकारको अविलम्ब छानबिन गरी अभियुक्तलाई कानुनी कठघरामा ल्याउनुपर्ने हाम्रो मागलाई राज्यले सुनेको छैन ।

clxn]sf] dxf;3sf] dVo r'gf}tL eg]sf] ;~rf/sdL{n] kfpg] Go"gtd kfl/>lds sfof{Gjog / ;do ;fGble{s tna dfkg xf]. o;sf nflu dxf;3sf] tbf?stf / ;~rf/sdL{ :jo+sf] ufDeLo{tf h?/L 5 .

यसबीचमा पत्रकारमाथि शृंखलाबद्ध आक्रमण भएका छन् । आक्रमणका कारण अझै पनि पत्रकारहरूले निर्धक्क समाचार सम्प्रेषण गर्न सकेका छैनन् । त्रासकै कारण सेल्फ सेन्सरसिपको अवस्था सिर्जना भई सूचनाको अधिकारबाट नागरिक वञ्चित हुनुपरेको अवस्था छ । यद्यपि केही घटनालाई छोडेर पत्रकारमाथि भएका शृंखलाबद्ध आक्रमण हुनमा पत्रकार स्वयं पनि जिम्मेवार छौं । पत्रकार आचारसंहिता पालना नगरेका कारण यस्ता घटना घटाउन प्रेरित भएका तथ्यहरू पनि छन् । यसर्थ सञ्चारकर्मी स्वयंले आचारसंहिता पालनामा जोड दिनुपर्छ । व्यावसायिक मर्यादा पत्रकारका निम्ति ठूलो सुरक्षा कवच हो । यसको कार्यान्वयनका लागि राज्य, नागरिक समाज, राज्यका विभिन्न अवयवहरूको भूमिका महत्वपूर्ण हुन्छ नै तर कार्यशील व्यक्तिले बढी गम्भीर भएर सोच्नु जरुरी छ । व्यक्ति व्यावसायिक हुनु/नहुनुमा उसको कार्यक्षमता पनि जोडिएको हुन्छ । पत्रकारहरूको कार्यक्षमता अभिवृद्धिमा पछिल्लो समय नेपाल पत्रकार महासंघले अभियान जारी राखेको छ । यसको अर्थ यो होइन, अभियानले सबै अदक्ष र अर्धदक्ष जनशक्तिलाई समेट्छ । बरु केही रूपमा भए पनि दक्ष जनशक्ति उत्पादनमा सघाउ पुर्‍याउूछ । दक्ष जनशक्तिले दिने परिणामलाई आकलन गरेर सञ्चार गृहले पनि विभिन्न तालिम र पुनर्ताजगी कार्यक्रमहरू सञ्चालन गर्नुपर्छ ।

अहिलेको पत्रकारिताको सबैभन्दा ठूलो समस्या भनेको पारिश्रमिक नपाउनु हो । 'क' वर्गका सञ्चारमाध्यमले न्यूनतम पारिश्रमिक १० हजार ८ सय रुपैयाू र अरूलाई ७ हजार २ सय रुपैयाू तोकिएको छ । एकातिर सञ्चारकर्मीले यो रकम नपाएको स्थित छ भने अर्कातिर अहिलेको अवस्थामा यो रकम नै पर्याप्त छैन । यसर्थ अहिलेको महासंघको मुख्य चुनौती भनेको सञ्चारकर्मीले पाउने न्यूनतम पारिश्रमिक कार्यान्वयन र समय सान्दर्भिक तलब मापन हो । यसका लागि महासंघको तदारुकता र सञ्चारकर्मी स्वयंको गाम्भीर्यता जरुरी छ । आफूले काम गर्नुअघि लिने नियुक्तिपत्र, कामको प्रकृति र काम गर्ने संस्थाका बारेमा थोर बहुत जानकारी हुनु जरुरी छ ।

अहिले देश संविधानसभाको पुनः चुनावका लागि होमिएको छ । लामो समयसम्म देशलाई अनिर्णयको बन्दी बनाउूदा समस्या अझ बढ्छन् । यस मानेमा लोकतान्त्रिक मूल्य मान्यता र पद्धतिलाई अंगीकार गर्दै हुन लागेको चुनावको सबै पेसाकर्मी, व्यवसायी र जनमानसले स्वागत गर्नुपर्छ । तर यसबीचमा सूचनाको हक र अभिव्यक्ति स्वतन्त्रता अक्षुण्ण रहनुपर्छ । लोकतान्त्रिक मूल्य र मान्यतामा खलल पुग्दैन र अभिव्यक्ति स्वतन्त्रता हनन हूदैन भन्ने ग्यारेन्टी हुनुपर्छ । गएको सरकारले सूचनाको हकसम्बन्धी कानुनमा विभिन्न धारालाई संशोधन गर्ने नाममा अंकुश लगाउन खोजेको कुरा विदितै छ । फेरि पनि यस्ता अंकुश लगाउने प्रयास हुन सक्छन् । यसमा महासंघ सदैव चनाखो हुनु जरुरी छ ।

यही परिवेशका बीच नेपाल पत्रकार महासंघको केन्द्रीय साधारणसभा सुन्दर नगरी पोखरामा आयोजना भइरहेको छ । 'संविधानसभामार्फत निर्वाचन, लोकतान्त्रिक संविधान : स्वतन्त्रताको रक्षा र श्रमजीवी पत्रकारको हितमा हाम्रो अभियान' को नारासहित हुने साधारणसभाले मुलुकको पत्रकारिता र राजनीतिक परिवेशलाई सही निर्देश गर्ने अपेक्षा छ । ●



# डेकेन्द्र प्रकरण
# न्यायको बाटोमा

**पत्रकार डेकेन्द्रराज थापा हत्या प्रकरणका अभियुक्तहरू अदालतसम्म पुगेको अवस्था हेर्दा लाग्छ, नेपालमा अहिले पनि फौजदारी न्याय प्रणाली जीवित छ। तर, ती अभियुक्तलाई हत्कडी लगाएर कानुनी कठघरामा पु¥याउन भएका प्रयास र त्यसको संघर्षको कथा लामो छ।**

■ सूर्यमणि गौतम

राज्यसँग कठिन संघर्षपछि दैलेखका पत्रकार डेकेन्दराज थापाको हत्या मुद्दा औपचारिक रूपमा अदालतमा पुगेको छ। डेकेन्द्रजस्ता थुप्रै पत्रकारको विभिन्न पक्षबाट हत्या भयो। तर, यो प्रकरण प्रेस स्वतन्त्रता र न्यायिक आन्दोलनमा कोसेढुंगा सावित भएको छ। यसमा सिंगो नेपाली सञ्चार क्षेत्र, स्थानीय प्रहरी-प्रशासन र नागरिक समाजले खेलेको भूमिका कम महत्वपूर्ण छैन। पत्रकारिता पेसासँगै जिल्लाको सामाजिक काममा सक्रिय डेकेन्द्रराज थापा २०६१ असार पहिलो साता तत्कालीन माओवादी विद्रोहीले दैलेख बजारमा आउने खानेपानीको पाइप काटेर अवरोध पु¥याएपछि पाइप खुलाउन वार्ताका लागि गएका थिए। त्यही क्रममा असार ९ गते सदरमुकाम नजिकैको तोली गाविस पुगेका उनी घर फर्किने क्रममा असार १२ गते माओवादी अपहरणमा परेका थिए।

माओवादीले उनीमाथि राजाको कार्यक्रममा उद्घोषण गरेको, खानेपानी आयोजनाको रकम हिनामिना गरेको, माओवादीविरुद्ध सुराकी गरेको लगायत आरोप लगाएका थिए। डेकेन्द्रले भने 'नखाएको बिख लाग्दैन' भन्दै आफूमाथिका आरोप खण्डन गरिरहे। भवानी, रानीवन, बालुवाटारलगायत गाउँ घुमाउँदै एक महिनापछि द्वारी गाविसमा पु¥याइयो। आखिर अपहरणकारीको उद्देश्य उनको ज्यान लिनु नै थियो। लगाइएका आरोप र अपहरणको औचित्य पुष्टि नहुने देखिएपछि उनीमाथि यातना बढाइयो। द्वारीको नेपाल राष्ट्रिय प्राथमिक विद्यालयमा खुट्टा बाँधेर, उल्टो झुन्ड्याई निर्मम यातना दिइयो। उनी बेहोस भए। त्यसपछि बोकेर स्थानीय लक्षीराम घर्तीमगरको घरमा पु¥याइयो। 'यातनाले हातखुट्टा भाँचेर बेहोस भएपछि मेरो घरमा लग्यौं,' घटनाको आठ वर्षपछि लक्षीरामले प्रहरीसँग खुलासा गरे, 'डेकेन्द्रले 'पानी' भनेपछि मैले मुखमा पानी हालिदिएको थिएँ, तर अरू दुई जना साथीले नाडी छामेर म¥यो भनेपछि बारीमा लगेर गाड्यौं।'

यस किसिमको क्रूर यातनाबाट हत्या भएको सार्वजनिक भएपछि नेपाल पत्रकार महासंघको पहलमा डेकेन्द्रको परिवारले शव खोजी र हत्यारालाई कानुनी




कठघरामा ल्याउने साहस गरेको थियो। महासंघको पहलमा राष्ट्रिय मानव अधिकार आयोगले २०६५ असार ११ गते शव उत्खनन् गरेपछि कानुनी बाटो खुलेको थियो। सुरुमा सांस्कृतिक अधिकार खोज्दै शव उत्खनन्को माग गरेको परिवारले उत्खननपछि भने न्यायको लडाइँ सुरु भयो। चरम यातनासहित हत्या गरिएको पुष्टि भएपछि चौतर्फी रूपमा हत्यारामाथि कारबाहीको आवाज बुलन्द भयो। पत्रकार महासंघले दोषीलाई कानुनी कठघरामा ल्याउन श्रीमती लक्ष्मीलाई प्रेरित गऱ्यो। अन्ततः उनले २०६५ असोज ६ गते दैलेख जिल्ला प्रहरी कार्यालयमा लक्षीराम घर्तीमगर, बमबहादुर खड्का (कट्टी), बमबहादुर खड्का (छिउडीपुसाकोट) र केशव खड्काविरुद्ध किटानी जाहेरी दिइन्।

किटानी जाहेरी परेपछि राज्यले देखाएको उदासीनता निकै उदेकलाग्दो रह्यो। प्रहरीले उनीहरूलाई खोज्नु त कता हो कता आफ्नै कार्यालय आसपास आउँदासमेत समात्ने साहस गरेन। पत्रकारहरूले आरोपित पक्राउका लागि थुप्रै चरणमा आन्दोलन गरे। प्रहरी-प्रशासनमा दबाब दिए। जिल्लामा पुग्ने प्रहरीका हरेक उच्च अधिकृतलाई उनीहरूको एउटै माग हुन्थ्यो- डेकेन्द्रका 'हत्यारा' लाई पक्राउ गरी कानुनी कठघरामा ल्याइयोस्। तर, प्रहरीको 'इच्छा' नहुँदासम्म उनीहरू सधैँ खुलेआम हिँडिरहे। 'हामीले आफूलाई जोखिममा पारेर सहयोग गर्छौं भन्दा पनि प्रहरीले यो केसमा हात हाल्ने हिम्मत गरेन,' शव उत्खनन्मा महत्वपूर्ण भूमिका खेलेका महासंघ दैलेखका तत्कालीन अध्यक्ष विष्णु शर्मा भन्छन्, 'हामीहरू भने न्यायको लडाइँ जसरी पनि जित्ने विश्वासमा अडिग रह्यौं।'

जति दबाब दिँदासमेत प्रहरी मौन बसेपछि एडभोकेसी फोरमको कानुनी सहायतामा लक्ष्मीले मंसिर २७ गते पुनरावेदन अदालत सुर्खेतमा दैलेख प्रहरी र जिल्ला न्यायाधिवक्ताविरुद्ध रिट दायर गरिन्। किटानी जाहेरीमा उल्लेखित अभियुक्तलाई तत्काल पक्राउ गरी कानुनी प्रक्रिया अघि बढाउन माग गर्दै परेको रिटमा न्यायाधीश रत्नबहादुर बागचन्दले भोलिपल्टै आदेश जारी गरे।

वास्तवमा एउटा जिम्मेवार प्रहरीको हिम्मतले कानुन कार्यान्वयनमा कति प्रभाव पर्दोरहेछ भन्ने हेर्न पत्रकारिता क्षेत्रले लामो प्रतीक्षा कुर्नुपऱ्यो। पुनरावेदन अदालतको परमादेशपछि भेरी अञ्चल प्रहरी प्रमुख एसएसपी माधवप्रसाद नेपाल नियमित अनुगमनका क्रममा दैलेख पुगे। उनी आएको सुइँको पाउनेबित्तिकै स्थानीय पत्रकारले डेकेन्द्रका हत्यारालाई पक्राउको निर्देशन दिन पुनः माग गरे। पत्रकारकै बीच एसएसपी नेपालले जिल्ला प्रहरी प्रमुख डीएसपी शारदाप्रसाद चौधरीलाई अभियुक्त पक्राउ गर्न आदेश दिए। 'अदालती आदेश र एसएसपीको दैलेख भ्रमण संयोग नै भए पनि यो न्यायको लडाइँमा कोसेढुंगा सावित भयो,' पत्रकार महासंघका जिल्ला अध्यक्ष पुष्कर थापा भन्छन्, 'त्यही आदेशको आधारमा दैलेख प्रहरीले अभियुक्तलाई समात्ने साहस बटुल्यो र सफलता पनि पायो।'

अनुसन्धानमा दक्ष र कानुन पालनामा निडर स्वभावका प्रहरी निरीक्षक विनोद शर्मालाई अनुसन्धान अधिकृत तोकिनु यो प्रकरणको सबल पक्ष थियो। वास्तवमा भन्नुपर्दा शर्माको हिम्मतले नै अभियुक्तहरू पक्राउमात्र परेनन्, कारागारसमेत चलान भए। 'हाकिम' को आदेश पाउनेबित्तिकै शर्मा आफ्नो टोलीसहित भोलिपल्ट गाउँ पुगेर किटानी जाहेरी नाम दिइएका लक्षीराम घर्तीसहितलाई प्रहरी टोलीले पक्राउ गऱ्यो।

यहाँनिर उल्लेख गर्नुपर्ने हुन्छ, यो प्रकरणमा प्रधानमन्त्री तथा एमाओवादी

उपाध्यक्ष बाबुराम भट्टराईले आफ्नो पदीय दायित्व मात्रै बिर्सेनन्, तल्लो तहसम्म ओर्लेर कानुनी राज्यको धज्जी नै उडाए। न्यायको लडाइँमा लाग्नेहरूमाथि उनले देखाएको व्यवहार कुनै क्रूर तानाशाहभन्दा कम थिएन। यो प्रकरणमा वादी हुनुपर्ने राज्य सञ्चालक प्रधानमन्त्री बाबुराम भट्टराई स्वयं अभियुक्त छुटाउन मरिमेटेर लागे। राज्यका निकायलाई अपराध अनुसन्धानमा सहयोग गरेर प्रोत्साहन दिनुको सट्टा आतंकित बनाउने काम भयो। महान्यायाधिवक्ता मुक्ति प्रधानलाई गैरकानुनी तवरले पत्र लेख्न पठाएर अनुसन्धान रोक्ने प्रयास गरे। पार्टीको निर्देशनमै हत्या भएको जानकारी दिएको अवस्था र अभियुक्तले गल्ती स्वीकारी सजाय भोग्न तयार रहेको बताइरहेका बेला उनीहरूलाई छुटाउन गरिएको पहल निकै लाजमर्दो थियो। माओवादी पार्टीका तत्कालीन पश्चिम कमान्ड इन्चार्ज पोस्टबहादुर बोगटीले समेत घटनाको केही समयपछि विज्ञप्तिमार्फत थापाको हत्या दुःखद् भएको भन्दै माफी मागेका थिए। विज्ञप्तिमा पार्टी कार्यकर्ताबाट गल्ती भएको स्विकारिएको छ। यति मात्रै होइन, माओवादीका नेता तथा तत्कालीन सञ्चारमन्त्री कृष्णबहादुर महराले पनि डेकेन्द्र हत्यालाई गल्ती भनेका थिए।

यस प्रकारको दण्डहीनतालाई प्रश्रय दिँदै कानुनी राज्यको उल्लंघन गर्ने राज्य सञ्चालकको तानाशाह प्रवृत्तिविरुद्ध देशभर आन्दोलन भयो। न्यायको लडाइँमा लाग्दा दैलेखका पत्रकारहरू कार्यथलोबाट विस्थापित हुनुपर्‍यो। प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताका हिमायतीहरूको एकताबद्ध आन्दोलनबाट तर्सेर  राजनीतिक दल र डलरको पिछलग्गुको आरोपसमेत लगाइयो। आफू अनुकूल नभएपछि कतिपयले महासंघको आन्दोलनलाई असफल बनाउने गम्भीर षड्यन्त्रका तानाबाना बुन्ने प्रयासमा लागे। गोयवल्स शैलीमा राज्य सञ्चालकको झूटको प्रचारमा सहयोगी बन्नेहरूको तमासा पनि यो प्रकरणमा प्रयत्क्ष रूपमा देख्नुपर्‍यो। स्वतःस्फूर्त रूपमा उठेको आवाजलाई अनेकन हत्कण्डा अपनाएर निस्तेज पार्न खोजिए पनि अन्ततः विफल भयो।

धन्य ! अदालत, जसले यी सब कर्तुतलाई निकम्बा सावित गरायो। आफ्नो अनुकूल नभएपछि यो प्रकरणलाई कतिले राजनीति पनि भयो भने, धेरैलाई लागेको होला। यो घटनाले त मुलुकमा मौलाउँदै गएको दण्डहीनतालाई खबरदारीमात्र गरेन, युद्ध अपराधमा संलग्न भएबापत जो कोही पनि ढिलो-चाँडो सजायको भागीदार हुनुपर्ने सन्देशसमेत दिन सफल भएको छ। त्यतिमात्र होइन राज्य संयन्त्रको चरम दुरुपयोग गरेर नागरिकका आवाज निस्तेज पार्न खोज्ने राज्य सञ्चालकलाई आइन्दा प्रेससँग जोरी खोजेर त्यस्ता प्रकारका हर्कत नदोहोर्‍याउन खबरदारीसमेत गरेको छ।

समग्रमा डेकेन्द्र प्रकरणमा उठेको आन्दोलनले नेपालको प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता रक्षाका लागि एउटा जग बसालेको छ। अब त्यो जगबाट विगतमा भएका कृष्णसेन इच्छुकदेखि यादव पौडेलसम्मका हत्यारालाई कानुनी कारबाही गर्ने र पीडित परिवारलाई न्यायको अनुभूति गराउने अभियानलाई बल मिलेको छ। सत्तासँग सौदाबाजी गर्नेहरूले आफ्ना कार्यकर्ताहरूको रगतको मूल्य बिर्सन सक्छन्, तर स्वतन्त्रताका हिमायती हामी कलमजीवीहरूले आफ्ना सहयोद्धाको रगतलाई कहिल्यै पनि बार्गेनिङ गर्ने छैनौं। प्रेसको घाँटी निमोठ्नेहरूलाई कानुनको कठघरामा उभ्याउने अभियान जस्तोसुकै परिस्थितिमा पनि डगमगाउने छैन भन्ने सन्देशसमेत दिएको छ। ●



प्रहरी सुरक्षामा दैलेखका पत्रकार। तस्वीर : प्रकाश अधिकारी

# सामूहिक जित

■ यशोदा तिम्सिना

मंसिर अन्तिम साता डेकेन्द्र थापाका हत्यारा पक्राउ परेलगत्तै मिडियाले यस विषयको उठानमा कुनै कसर छोडेन । वास्तवमा एउटा सहकर्मीको हत्याले मिडियाकर्मी कति उद्वेलित भएका रहेछन् भन्ने उदाहरण पनि यस घटनाले पेस गऱ्यो । क्षेत्रीय रूपमा त यस मुद्दाले मनग्य ठाउँ पायो नै । मूलधारका मानिने राजधानी केन्द्रित मिडियाले पनि यस विषय उठानमा कमी हुन दिएनन् । मिडियाले यस विषयलाई बेवास्ता गरेको भए लक्षीराम घर्तीमगरहरू कारबाहीको भागीदार नबन्न सक्थे भन्न सकिन्छ ।

विषय उठानमा जसरी मिडिया अग्रपंक्तिमा रह्यो, नेपाल पत्रकार महासंघले पनि पत्रकारको साहस बढाउन महासंघले अहोरात्र खट्यो । शव उत्खनन् गरी अदालती बाटोमा ल्याउन अघिल्लो कार्यसमिति र दैलेख शाखाले पनि प्रशंसनीय भूमिका खेलेको थियो ।

विषय उठानलाई गन्तव्यमा पुऱ्याउन पछिल्लोपटक पनि दैलेखका सञ्चारकर्मीले जुन साहस देखाए, त्यसले वर्तमानमा एउटा परिणाम दिलाएको छ भने भविष्यका निम्ति नजिर पनि बसाएको छ ।

यता, विभिन्न राजनीतिक दलनिकट भ्रातृ र भगिनी संगठन, पेसागत संघसंस्थाहरूले पनि महासंघले थालेको अदालती प्रक्रिया सुचारु हुनुपर्छ भन्ने अभियान र खबरदारीमूलक विरोध कार्यक्रममा ऐक्यबद्धता जनाए ।

## महासंघ मिसन

पत्रकार डेकेन्द्रराज थापाको हत्या अभियोगमा पक्राउ परेका ५ अभियुक्तलाई सरकारको दबाबमा बयान रोक्नेलगायतका घटनालाई लिएर सत्य तथ्य पत्ता लगाउन महासंघले सुरुमा पुस २८ गते अध्यक्ष शिव गाउँलेको नेतृत्वमा सल्लाहकार पोषण केसी, केन्द्रीय सदस्य दामोदर तिमिल्सिना र केन्द्रीय सदस्य एवं मध्यपश्चिमाञ्चल संयोजक सूर्यमणि गौतम रहेको ४ सदस्यीय मिसन टोली पठाएको थियो ।

यसैबीच एकीकृत माओवादीले माघ १० गते दैलेखमा निकालेको जुलुसमा सहभागी केही व्यक्तिले पत्रकारहरूलाई मार्ने धम्की दिने, 'हाम्रो तेस्रो आँखा' दैनिकको कार्यालयमा ढुंगामुढा गर्ने काम गरेको प्रति महासंघले गम्भीर ध्यानाकर्षण जनाएको थियो । उक्त घटनाबाट त्रसित भई २२ जना पत्रकारहरूले जिल्ला छोडी सुर्खेत गएका थिए । सरकारी निकायबाट उनीहरूलाई कार्यक्षेत्रमा फर्केर काम गर्ने वातावरण निर्माणमा प्रभावकारी पहल नभएको प्रति चिन्ता जनाउँदै महासंघले केन्द्रमा गृहमन्त्रीलाई भेटेर ध्यानाकर्षण गरायो ।

साथै विस्थापित पत्रकारलाई कार्यथलोमा फर्कन पहल गर्न अध्यक्ष गाउँलेको नेतृत्वमा केन्द्रीय सदस्यहरू बालकृष्ण बस्नेत, दीपक पाण्डे, सूर्यमणि गौतम र प्रभात चलाउने सुर्खेत हुँदै दैलेख पुगेका थिए । ●

डेकेन्द्र थापा हत्याका अभियुक्तले कारबाही भोग्नुपर्छ भन्ने मुद्दालाई उठाइरह्यो । यतिमात्रै होइन, शव उत्खनन्देखि अदालती प्रक्रियामा जाउन्जेल महासंघले तदारुकता नदेखाएको भए मुद्दा किनारा लाग्न धेरै समय खर्चिनुपर्ने हुन सक्थ्यो । डेकेन्द्र प्रकरणलाई उठान गरेबापत भौतिक र पेसागत जोखिममा परेका दैलेखका घटनाक्रम नियाल्दा महासंघका चरणबद्ध विरोध, मूलधारका मिडियाको विषयगत फलोअप र कारबाहीका लागि प्रशासनमाथि निरन्तर दबाब नपरेको भए अभियुक्तहरू खुलेआम हिँड्न सक्थे । चर्को विरोध खप्न नसकेर नै प्रशासन कारबाही अघि बढाउन तयार भएको हो भन्न सक्ने विभिन्न आधारहरू छन् । जस्तै,



अभियुक्तहरू पक्राउ परेपछि पनि शान्ति प्रक्रिया भाँडिने र सत्यनिरूपण तथा मेलमिलाप आयोग नबनेसम्म यस्ता घटना उठानलाई थाँती राख्नु भन्ने महान्यायाधिवक्ता मुक्ति प्रधानको पत्र स्थानीय प्रशासनमा पुग्नु । यस चिठी लेखाइमा प्रधानमन्त्री डा. बाबुराम भट्टराईको ठाडो निर्देशन थियो । आफ्ना कर्मचारीलाई प्रधानमन्त्रीले प्रयोग गर्ने कोसिस त गरे । तर मिडियाको चर्को दबाबका कारण उनी असफल बने ।

डेकेन्द्रका हत्यारा पक्राउसँगै केही प्रश्नहरू उठाइएका छन् । माओवादीद्वारा सञ्चालित जनयुद्धयता विद्रोही र राज्यका तर्फबाट मारिएका, बेपत्ता पारिएका पत्रकारका बारेमा पनि खोजबिन हुनु जरुरी छ । त्यस्ता सबै पत्रकारका विषयमा सत्यतथ्य बाहिर आउनुपर्छ । पत्रकार महासंघको पछिल्लो तथ्यांकअनुसार ३३ जना पत्रकार विद्रोही र राज्य पक्षबाट मारिएका छन् भने तीन जना पत्रकार बेपत्ता पारिएका छन् । यी सबै पत्रकारका विषयमा राज्यले छानबिन गर्नुपर्छ । दोषीलाई दण्डित गर्नुपर्छ । प्रहरीको हिरासतमा मारिएका भनिएका कृष्णसेन इच्छुकका बारेमा राज्य बोल्नुपर्छ ।

महासंघले हत्या र बेपत्ता भएका सबै पत्रकारका विषयमा मुद्दा उठाउँदै आएको छ । महासंघ कानुन हातमा लिएर कार्यान्वयन गर्ने निकाय होइन । दबाब सिर्जना गर्ने हो । सबै स्रोत र संयन्त्र भएको राज्यले यी विषय उठानमा उदेकलाग्दो गरी बेवास्ता गर्नु विडम्बना नै हो ।

अन्त्यमा, डेकेन्द्र थापाका हत्यारा पक्राउसँगै के सकारात्मक सन्देश प्रवाह भएको छ भने अपराध कर्म गरेपछि सजाय भोग्नै पर्छ । ढिलो-चाँडोको कुरा मात्रै हो । जसमा लक्षीरामहरूको उदाहरण पर्याप्त हुन्छ । अर्को कुरा, स्थानीय सञ्चारकर्मी, परिवार, प्रशासन सबैको एकमत भयो भने विषयवस्तु उठान र टुंगो लाग्न सहज हुने रहेछ । यसले निरन्तरता पाउनुपर्छ । ●

# पत्रकार, नेता र व्यवस्थापन



■ जगत नेपाल

नेपालको राजनीतिमा पहिलोपटक प्रधानन्यायाधीश खिलराज रेग्मी कार्यपालिका प्रमुख भए । संसद् नभएका बेला प्रधानन्यायाधीश नै अन्तरिम चुनावी मन्त्रिपरिषद्को अध्यक्ष भएसँगै सरकारका तीनै अंग कार्यपालिका, न्यायपालिका र व्यवस्थापिकाको प्रमुख भएर रेग्मीले चैत १ गते नयाँ इतिहास रचे । तर चैत २ का नागरिकबाहेक सबैजसो पत्रिकाले रेग्मीको शपथग्रहणको तस्बिर प्रकाशन गर्न पाएनन् न त कुनै टेलिभिजन च्यानलले त्यो राम्रो दृश्य देखाउन सके ।

कुन दैनिक पत्रिकामा के फोटो छापियो

१) कान्तिपुर – अध्यक्ष रेग्मी, गृह तथा पराष्ट्रमन्त्री माधव घिमिरे र कानुनमन्त्री हरि न्यौपाने सहिद स्मारकमा लैनचौरमा बसेको ।

२) गोरखापत्र– अध्यक्ष रेग्मीले पदबहाली गरेको ।

३) द राइजिङ नेपाल– अध्यक्ष रेग्मीले मन्त्रीहरूलाई शपथ गराएको ।

४) राजधानी– अध्यक्ष रेग्मी, गृह तथा परराष्ट्रमन्त्री माधव घिमिरे र कानुनमन्त्री हरि न्यौपाने सहिद स्मारकमा लैनचौरमा बसेको ।

५) राष्ट्रपति कार्यालयका फोटोग्राफरले समेत अध्यक्ष रेग्मीलाई राष्ट्रपतिले शपथ गराएको तस्बिर खिच्न पाएनन् ।

चैत १ गते बिहान ९ बजे रेग्मीको शपथ कार्यक्रम तय भएपछि हामी पनि प्रत्यक्ष प्रसारण गर्ने आउटसाइड ब्रोडकास्टिङ भ्यानका (ओबी भ्यान) साथ बिहान ८ बजे नै राष्ट्रपति भवन शीतलनिवास पुग्यौं । राष्ट्रपति भवनको माथिल्लो तलाको एउटा हलमा (जहाँ पहिला मन्त्रीहरूको शपथ हुने गर्थ्यो) राष्ट्रपति, प्रधानमन्त्री, प्रधानन्यायाधीश, विभिन्न राजनीतिक दलका प्रमुख र नेताहरू, संवैधानिक निकायका प्रमुख र विदेशी कूटनीतिक नियोगका प्रमुखहरू छन् । हलको पछाडिको भागमा त्यो ऐतिहासिक घटनाको समाचार संकलनका लागि पाइला टेक्न नमिल्ने गरी पत्रकार, टेलिभिजन क्यामरापर्सन र फोटो पत्रकार छन् ।

राष्ट्रपति यादव प्रवेश गरेलगत्तै कार्यक्रम सुरु भयो । राष्ट्रियगानको धुन कानमा गुन्जियो । सयौं थुँगा फूलका हामी, एउटै माला नेपाली । क्षणभरमै शपथग्रहण प्रारम्भ भयो । म खिलराज रेग्मी मुलुक र जनताप्रति पूर्ण बफादार रहँदै भन्ने शब्द उच्चारण के भएको थियो पछाडिबाट होहल्ला सुरु भइहाल्यो ।

हैन कस्तो भ्रुर व्यवस्थापन । कसरी खिच्ने केही पनि देखिँदैन । क्यामराम्यानको नाम लिँदै ए फलाना बस त । ए नधकल न यार ।

त्यत्तिकैमा सुरक्षाकर्मीको आवाज सुनियो, हैन



rGb|/ sfsL{

योभन्दा अघि नसर्नु न । भीआईपी बस्ने ठाउँमा नजानुस् । कहाँबाट खिच्ने भन्नुस् न त ? फेरि अर्कोतिरबाट आवाज आयो । ए बस न बस । अब राष्ट्र प्रमुखले सरकार प्रमुखको शपथ गराइरहेका बेला कसरी बस्ने । विशिष्टहरू सुनेको नसुन्यै गर्न बाध्य भए ।

समारोहको गरिमाका लागि पनि बोल्न मिलेन । फेरि पछाडिबाट आवाज आयो । फोटो नै खिच्न पाइएन । बर्बाद भयो । यस्तो भ्रुर व्यवस्थापन कसरी खिच्ने । बलिया बाङ्गा फोटो पत्रकारहरू जुत्तासहित चिल्ला सोफामा उभिएर क्लिकक्लिक गर्न थाले । शपथका लागि राखिएका माइकले अध्यक्ष रेग्मी र राष्ट्रपतिको अनुहार छेकेको थियो । फेरि पत्रकारतर्फबाट आवाज आयो । ए बस न । त्यो माइक हटाऊ न । हामी जोकर हो कि के हो ? खिच्न नदिने भए पत्रकारलाई राज्यको चौथो अंग किन भनेको त ? खिच्न पाइँदैन भने सबैले कार्यक्रम नै बहिष्कार गरौं न यार । अर्काले भने, के गर्ने छाप्न हुने एउटै फोटो आएन, साथीभाइलाई धकेलेर भए पनि चित्त बुझाऊ ।

टेलिभिजनका लागि दृश्य खिचिरहेका क्यामराम्यानहरूले नहल्लिएको दृश्य खिच्नै पाएनन् । त्यो कार्यक्रममा पाँच वटा क्यामरा र एक दर्जनभन्दा बढी जनशक्ति परिचालित भए पनि हामीले दर्शकका लागि गुणस्तरीय दृश्य देखाउन पाएनौं । अझ भनौं रातभरि करायो दक्षिणा हरायो भन्ने उखानजस्तै भयो त्यो दिन हाम्रा लागि । टेलिभिजनमा प्रसारण

भएका दृश्य हेर्दा मलाई नेपाल टेलिभिजनका क्यामराम्यान पुरुषोत्तम घिमिरेले एक दिन रत्नराज्य लक्ष्मी क्याम्पसमा टेलिभिजन पत्रकारिताका विद्यार्थीसँगको अन्तरक्रियामा भनेका कुरा याद आयो । उनी भन्दै थिए, जति राम्रा शब्द लेख्नोस् न क्यामरामा गतिलो दृश्य कैद गर्न सकिएन भने टेलिभिजनको अर्थ रहँदैन । एक जना विदेशी पत्रकारले घिमिरेसँग भनेका थिए रे हैन पुरु तिम्रो देशमा जति बेला पनि भूकम्पको धक्का आइरहन्छ कि क्या हो । नेपाल टेलिभिजनको दृश्य हल्लिरहेको तर्फ व्यंग्य गर्दै उनले त्यस्तो भनेका थिए । त्यसैले गुणस्तरीय दृश्य कसरी लिने भन्नेतर्फ सधैं ध्यान दिन आवश्यक छ ।

मुख्य दलहरूको सिफारिसमा पहिलोपटक गैरराजनीतिक सरकार बनेसँगै राजनीतिक क्षेत्रमा त भूकम्पको धक्का महसुस हुने नै भयो । शपथग्रहण समारोहको हल्लिएको दृश्य हेरेपछि लाखौं दर्शकले समेत अनाहकमा भूकम्पको धम्का बेहोर्नुपर्‍यो ।

## पुसको रात बालुवाटारको सडकमा

२०६३ साल मंसिर २९ गते मुख्य दलका नेताहरू प्रधानमन्त्री निवास बालुवाटारमा अन्तरिम संविधानको मस्यौदामाथि गर्मागर्म छलफल गरिरहेका थिए । टेलिभिजन र एफएम रेडियो पत्रकारलाई वार्ताको समाचार प्रत्यक्ष प्रसारण गर्दैमा फुर्सद थिएन । २४० वर्ष लामो राजतन्त्रलाई निलम्बनमा राखेर संविधानसभा निर्वाचनमार्फत नयाँ संविधान बनाउने मार्गचित्रसहितको संविधानको मस्यौदालाई अन्तिम रूप दिने त्यो ऐतिहासिक बैठकको समाचार संकलन गर्न पाउनु पत्रकारहरूका लागि समेत कम रोमाञ्चक थिएन । मंसिर २९ गते अपराह्न २ बजे सुरु भएको बैठक पुस १ गते बिहानसम्म सकिएन । तैपनि पत्रकार भने प्रधानमन्त्री निवास बाहिरको मूल सडकको खुला आकाशमा बस्न बाध्य पारिए ।

मुलुककै इतिहासमै पहिलोपटक राजाका सम्पूर्ण अधिकार कटौती गरी ६ दशकदेखिको नेपाली जनताको चाहनाबमोजिम संविधानसभामार्फत संविधान बनाउने व्यवस्थासहितको अन्तरिम संविधान बनाउने क्रममा दलहरूबीच थुप्रै गर्मागर्म बहस चले पनि त्यहाँ भइरहेको छलफलबारे कसैले पत्रकारलाई सूचना दिन आवश्यक ठानेनन् । विभिन्न स्रोतको हवला दिँदै पत्रकारहरू भने आफ्नै हिसाबले समाचार सम्प्रेषण गरिरहेका थिए ।

## प्रेसलाई बुझ्न खोजिएन

२०६२–०६३ को जनआन्दोलनताका नेताहरू क्यामरा नजिक आउन रुचाउँथे । किनभने क्यामरा नदेखिएका ठाउँमा प्रायः नेताहरूका ढाडमा प्रहरीको कटवासको लौरो बजारिन्थ्यो । नदी तर्‍यो । लौरो भुल्यो भनेजस्तै । तिनै नेता सत्तामा पुगेपछि प्रेसमैत्री वातावरण बनाउन गम्भीर भएको पाइएन ।

२०६३ साल असारमा तत्कालीन नेकपा माओवादीका अध्यक्ष पुष्पकमल दाहाल प्रधानमन्त्री निवास बालुवाटारमा सार्वजनिक भए । त्यसै रात बालुवाटारमा आफ्नो पत्रकार सम्मेलनमा भएको कमजोर व्यवस्थापनको उनले जमेर विरोध गरे । तर आफैं प्रधानमन्त्री हुँदा सुधारका लागि खासै प्रयास गरेनन् । दाहालपछिका प्रधानमन्त्री माधव नेपालको पालामा बालुवाटारमा पत्रकार कक्ष बनाइयो । पछि त्यो पनि सुरक्षाकर्मीले नै प्रयोग गर्न थाले ।

सत्तामा पुगेपछि नेताहरूले सामान्य प्रयासबाट हुन सक्ने व्यवस्थापनमा समेत ध्यान दिएको पाइएन । अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र नयाँ बानेश्वरमा हुने दलहरूका बैठकको समाचार संकलनका लागि पुगेका पत्रकारले सधैं धूलो खाएर बाटोमै बस्नुपर्‍यो । सम्मेलन केन्द्रको घाँसे चौरसम्म पुग्नसमेत पत्रकारले दिनहुँ चाकरी गरून् भन्नेजस्तो व्यवहार नेता र तिनका आसेपासेको देखिन थाल्यो ।

## चाहे सकिन्छ

२०६२–०६३ को जनआन्दोलनको बलमा विघटित प्रतिनिधिसभा पुनःस्थापना भयो । पुनःस्थापित संसद्को पहिलो बैठकमा हामीले ग्यालरी बैठकभित्रै (सांसद बस्ने ठाउँ) बाट प्रत्यक्ष प्रसारण गर्‍यौं । त्यसअघि पत्रकारले त्यस ठाउँमा पुग्ने कुरा कल्पना बाहिरकै विषय थियो । तर त्यस दिन कसैले विरोध गरेन । सञ्चारमाध्यम यति प्रभावकारी थियो कि जनआन्दोलनको सफलतामा राजनीतिक दलसँगै उसले पनि अहं भूमिका निर्वाह गरेको थियो । ग्यालरी बैठकभित्रबाट कान्तिपुर टेलिभिजनमा प्रत्यक्ष प्रसारण भइरहँदा मैले राप्रपा अध्यक्ष पशुपतिशमशेर राणालाई सोधेको थिएँ- यसअघिका बैठक र यो बैठकमा तपाईंले के फरक पाउनुभयो ? राणा पञ्चायत र बहुदलकाल गरी लगातार २५ वर्ष संसद्मा प्रतिनिधित्व गर्ने एकमात्र सांसद थिए त्यो हलभित्र । उनले भनेका थिए- पहिलो कुरा त तपाईंले यो बैठक कक्षभित्रबाट प्रत्यक्ष प्रसारण गरेकै मलाई आश्चर्य लागेको छ । यसअघि यस्तो कसैले गरेको थिएन । सञ्चारमाध्यमको संख्यामा आएको वृद्धि र स्थान अभावका कारण पछि संसद् सचिवालयले मिडिया कक्ष बनाएर पत्रकारहरूलाई समाचार संकलन गर्ने व्यवस्था मिलायो । संविधानसभामा भने सचिवालय आफैंले क्यामराबाट खिचेर पत्रकारहरूले बाहिर रेकर्ड गर्न सक्ने प्रविधि नै राखेको थियो । त्यसैले संविधानसभाको समाचार संकलनमा पत्रकारहरूलाई खासै समस्या भएन ।

मन्त्रिपरिषद् बैठकका निर्णयबारेको सूचना दिन पनि संविधानसभाजस्तै प्रविधिको व्यवस्था मिलाइएको छ ।

## पत्रकारको योग्यताबारे बहस चलाऊ

पत्रकारहरूको योग्यता निर्धारण नहुँदा पत्रकारिताको गुणात्मक पक्ष प्रभावित भएको ठहर गर्दै भारतीय प्रेस काउन्सिलले सदस्य श्रवण गर्गको संयोजकत्वमा तीन सदस्यीय कमिटी बनाएको छ । अध्यक्ष मार्कण्डेय काट्जुले भनेका छन्- अधिवक्ता बन्न एलएलबी गरेर बार काउन्सिल, चिकित्सक बन्न एमबीबीएस पास गरी मेडिकल काउन्सिलमा दर्ता हुनुपर्छ । शिक्षक हुन डिग्री पास गरेर पर्याप्त तालिम लिनुपर्छ तर मुलुकभरि च्याउसरि उम्रिएका सञ्चारमाध्यममा थोरै वा अपर्याप्त तालिम प्राप्त जनशक्ति कार्यरत छ । यस्ता व्यक्तिले पत्रकारिताको उच्च मापदण्डलाई पालन गर्न नसक्दा त्यसले समाजमा पत्रकारिताप्रति नकारात्मक प्रभाव पारेको छ । त्यसकारण पनि पत्रकारको योग्यता तोक्नु आवश्यक छ ।

विगतमा पूर्वराजा ज्ञानेन्द्रले राजदरबार छोड्न गरेको पत्रकार सम्मेलनमा पत्रकारहरूले देखाएको व्यवहाबरले समग्र पेसालाई बदनाम गर्‍यो ।

त्यसैले पत्रकारको योग्यता के हुने, कस्तो तालिम र कति अनुभव भएका पत्रकारले राष्ट्रपति भवन, प्रधानमन्त्री कार्यालय, संसद्जस्ता संवेदनशील निकायमा समाचार संकलन गर्न पाउने भन्ने मापदण्ड बनाउन अब विलम्ब गर्नु हुँदैन । पत्रकारिताप्रति जनविश्वास बढाई समाजप्रति उत्तरदायी बनाउन पत्रकारका साथै सञ्चार उद्यमी र नीति निर्माण तहका अगुवाहरूले पहल थाल्न जरुरी छ ।

पत्रकारले पनि अरू केही गर्न नसके पनि म को हुँ, मेरो उत्तरदायित्व के हो र मैले के गर्न हुन्छ, के गर्न हुँदैन भन्ने सामान्य आचारसंहिताका बुँदाको ख्याल नगर्ने हो भने यो पेसाको मर्यादा रहँदैन भन्नेतर्फ सधैं हेक्का राख्न जरुरी छ । खराबलाई विस्थापित र राम्रालाई स्थापित गर्ने अभियान चलाइएन भने समाजप्रति उत्तरदायी रहनुपर्ने राज्यको चौथो अंग पत्रकारिताप्रतिको विश्वासमा ह्रास हुने निश्चित छ । ●



# पत्रकारिताका ५ एजेन्डा

**सदस्यता शुद्धीकरणका लागि व्यावहारिक अभियान थालिनुपर्छ । प्रत्यक्ष चुनावी प्रणाली पनि नअपनाउने, शुद्धीकरण पनि नहुने हो भने हामी जहीँको तहीँ हुन्छौं ।**

■ बालकृष्ण बस्नेत

जति अनुभव बटुल्दै गए पनि नेपाली पत्रकारिता अझै औपचारिक विषयवस्तुभन्दा माथि उठ्न सकेको छैन । पत्रकारितामा 'गर्दै सिक्दै' जाने सिद्धान्त धेरै हदसम्म प्रभावी हुने भए पनि व्यवहारमा हामीले कति सिक्यौं भन्ने प्रश्न उठ्न थालेको छ । चाहे त्यो सञ्चारमाध्यमका विषयवस्तुमा होस् वा व्यवस्थापन, बजार र व्यावसायिकताको प्रश्न । पत्रपत्रिकाका हरेक दिनका पाना पल्टाउँदा, रेडियो, टेलिभिजनका नियमित बुलेटिनका आवाज सुन्दा र अनलाइन खबरहरू चियाउँदा यो कुरा प्रस्ट हुन्छ । त्यतिमात्र होइन श्रमजीवी पत्रकारलाई बढ्दै गएको चुनौती, उनीहरूका अवस्था, सञ्चार गृहका पत्रकार, कर्मचारीले पाउने सुविधा, पत्रकारिताप्रति दिगो लगाव र आकर्षणको पाटो केलाउने हो भने पनि सकारात्मक परिणाम भेटिँदैन ।

सञ्चार क्षेत्रमा कहालिलाग्दो अवस्थाको एउटा कारण लम्बिँदो संक्रमणकाल नै हो । यसले सिर्जना गरेको अन्योल र अस्थिरताको पीडा अन्यत्रजस्तै पत्रकारिताले पनि बेहोरिरहेको छ । पत्रकारिता पेसा व्यवसायलाई चौतर्फी समस्या थपेको छ । त्यसबाहेक दिनानुदिन पत्रकारमाथि हुने भौतिक आक्रमण, धम्कीले त्रासको अवस्था सिर्जना गरेको छ । पत्रकारितामा संस्थागत विकासको गति ढिलो हुँदा व्यावसायिक असुरक्षा नदेखिँदो ढंगले बढेको छ । आज एउटा सञ्चार गृहमा काम गर्ने पत्रकार भोलि कहाँ रहने हो भन्ने टुंगो छैन । भइरहेका सञ्चारकर्मीमा समेत अनेक खालका असन्तुष्टिहरू छन् । सञ्चार गृह व्यवस्थित र संस्थागत हुन सकेका छैनन् ।

यी कारणले सञ्चार गृहमा कार्यरत पत्रकार, कर्मचारी र सञ्चालकबीच सम्बन्धमा दूरी बढाएको छ । आफू कार्यरत संस्थामा अपनत्वको महसुस हुन सकेन भने सञ्चारमाध्यमले सही ढंगले काम गर्न सक्दैन । त्यस्तो दूरी जति घट्यो त्यति स्वस्थ पत्रकारिताको विकास हुन्छ र त्यसले पत्रकारका समस्यालाई समेत घटाउँछ । त्यसका लागि पत्रकारिताको अहिलेका जल्दाबल्दा समस्या बुझेर समाधन गर्नतिर ध्यान केन्द्रित हुन जरुरी छ ।

यहाँ अहिले पत्रकारितामा देखिएका ५ एजेन्डालाई सूत्रबद्ध रूपमा प्रस्तुत गरिएको छ । यीमध्ये कतिपय हामीले वर्षौंदेखि भोग्दै आएका समस्याहरू छन् । कतिपय मुलुकको राजनीतिक र सामाजिक अवस्था, सूचना प्रविधि र सञ्चारमा देखिएको परिवर्तनसँग केन्द्रित छन् ।

### १. नियुक्तिपत्र र तलब

पहिलो एजेन्डा सञ्चारकर्मीको नियुक्तिपत्र र तलब, सुविधा नै हो । यससम्बन्धी भइरहेको ऐन, कानुन कार्यान्वयन नहुनु मुख्य समस्या हो । बिनानियुक्ति पत्रकारलाई काममा लगाउन नहुने स्पष्ट कानुनी व्यवस्था छ । नियुक्ति नलिई सेवा सुरु गर्दा अन्य समस्या थपिँदै गएको अवस्था छ । न्यूनतम पारिश्रमिक निर्धारण समितिको सर्वेक्षणअनुसार नियुक्ति नलिई काम गर्ने श्रमजीवी पत्रकारको संख्या ४५ प्रतिशत छ । तर अहिले त्यो संख्या बढ्दै गएको छ । सूचना विभागको कार्ड पाउन र नवीकरणका लागि नक्कली नियुक्तिपत्र बनाउने क्रम बढेको छ । यसले सञ्चार संस्था र पत्रकारहरूको गरिमा, प्रतिष्ठा र विश्वसनीयतामै आँच पुऱ्याएको छ । नेपाल

पत्रकार महासंघले प्रेस रजिस्ट्रारको कार्यालयसँग समन्वय गरी नियुक्ति नदिई काममा नलगाउन र नक्कली कागजपत्र बनाउने परिपाटीमाथि प्रश्न उठाइसकेको छ। त्यसलाई रोक्न ठोस काम गर्नु जरुरी छ। त्यसका लागि संयुक्त अनुगमन र दबाबकारी संयन्त्र बनाई काम थाल्नुपर्छ।

सञ्चार गृहमा न्यूनतम र नियमित पारिश्रमिकको अवस्था कहालिलाग्दो छ। अझ एफएम रेडियो र टेलिभिजनमा न्यूनतम पारिश्रमिकसम्म पनि दिने गरिएको छैन। राजपत्रमा प्रकाशित भइसकेको र सर्वोच्चको आदेशले बाध्यकारी बनाएको न्यूनतम पारिश्रमिक दिन सञ्चारमाध्यम हिचकिचाइरहेका छन्। विडम्बना नै भन्नुपर्छ, ८ महिनासम्म तलब नदिँदा पनि सञ्चार संस्था भने चलिरहेकै अवस्था छ। मिडियाका मालिकलाई महँगा गाडी चढ्न, महल बनाउन, घरपरिवारलाई तामासी जीवनशैली बिताउन पैसा हुन्छ। आफ्नै परिवार मानिने पत्रकार, कर्मचारीलाई नियमित तलब दिन पैसा हुन्न। महासंघमा परेका एक दर्जन बढी उजुरीले पनि तलबको समस्यालाई छर्लङ्ग पार्छ। पत्रकारहरूलाई जागिर खाने कि तलब भनी व्यंग्यपूर्वक हेला गरिनु महासंघका लागिसमेत ठूलो चुनौती हो। सञ्चार गृहलाई न्यूनतम पारिश्रमिक दिन बाध्य पार्नुपर्छ। त्यसैले सञ्चार गृहलाई कानुनको पालना गरी न्यूनतम पारिश्रमिक, नियुक्तिलगायत तोकिएका मापदण्ड स्पष्ट रूपमा कार्यान्वयन गर्न दबाब दिनुपर्छ। श्रमजीवी पत्रकार कानुन पालन गरेको ठोस आधारपछि मात्र रेडियो र टेलिभिजनको हरेक असारमा हुने इजाजतपत्र नवीकरणको प्रक्रिया अघि बढाउन र पत्रपत्रिकाका हकमा राज्यले दिने सुविधा उपलब्ध गराउने आधार बनाउन सञ्चार मन्त्रालयलाई महासंघसहित सञ्चार संगठनहरूले दबाब दिनुपर्छ। समस्याको जड नै नियुक्ति र तलब सुविधा देखिएकाले सबैको ध्यान यसैमा केन्द्रित हुनुपर्छ।

## २. शुद्धीकरण

सदस्यता शुद्धीकरण नहुँदा सिंगो पत्रकारिता जगत्माथि प्रश्न उठाउने ठाउँ हामी आफैँले छाडेका छौँ। विधानले तोकेका मापदण्ड पूरा नगर्दा शुद्धीकरण अभियान प्रभावकारी हुन नसकेको हो। महासंघको हरेक कार्यकालमा शुद्धीकरणको कुरा चल्ने तर व्यवहारमा झन् कमजोर तरिकाले सदस्यता वितरण हुँदै आएको अनुभव हामीसँग छ। त्यसलाई रोक्न हामीलाई केले रोकेको छ ? के हामीले दिने सदस्यता र त्यसमा बर्सेनि हुने नवीकरणमा कडाइ गर्न सक्दैनौँ ? हामीले पनि पुरानै चलनलाई निरन्तरता दिनु कदापि हुँदैन। हरेक वर्ष सदस्यता नवीकरण गर्नैपर्ने, त्यसका लागि चाहिने योग्यता, काममा निरन्तरता छ/छैन सम्बन्धित शाखा र क्षेत्रले जिम्मेवारपूर्ण तवरले जाँच्नुपर्ने र त्यसपछि मात्र सदस्यता दिइने व्यवस्थालाई कडाइ गर्नुपर्छ। दृष्टान्तका लागि पछिल्लो चैत मसान्तसम्मको अवस्थालाई लिन सकिन्छ। अघिल्लो चैतदेखि २०६९ चैतसम्म के-कति नवीकरण भए वा सदस्यता दिइयो भन्ने तथ्यांक खोज्ने हो भने निराशाजनक परिणाम पाउँछौँ। एकैचोटि चुनाव लागेपछि मात्र सबैलाई सदस्यता दिइने हो ? चुनावको मुखमा सदस्यता दिने र नवीकरण गर्ने परिपाटीले महासंघलाई समेत चौतर्फी प्रश्न उठाएको छ। नियमित पत्रकारिता गर्नेले बोक्ने पत्रकारको परिचयपत्र अन्य कामधन्दा गर्नेले समेत बोक्न थालेपछि के हुन्छ ? त्यसैले सदस्यता शुद्धीकरणका लागि व्यावहारिक अभियान थालिनुपर्छ। प्रत्यक्ष चुनावी प्रणाली पनि नअपनाउने, शुद्धीकरण पनि नहुने हो भने हामी जहीँको तहीँ हुन्छौँ।

## ३. आचारसंहिता पालना

अरूलाई नैतिकताको पाठ पढाउने, राम्रो, नराम्रो भएको निगरानी गर्ने पत्रकारिता जगत् आफैँमा स्वच्छ हुनु अनिवार्य छ। आचारसंहिता पालना नहुँदा व्यावसायिक विकासमा अवरोध पुगेको छ। कतिपय आक्रमण, धम्कीका कारणसमेत आचारसंहिता उल्लंघन बन्नु दुःखद् अवस्था हो। महासंघले गरेका अध्ययन, अनुगमनका प्रतिवेदनले समेत आक्रमणका घटनामा पत्रकारले आचारसंहितामा बसेर काम नगरेको, पत्रकार परिचयपत्रलाई अन्य हत्कण्डा गर्ने लाइसेन्स बनाएको औँल्याएका छन्। महासंघ केन्द्रमा रहेको आचारसंहिता अनुगमन तथा अनुशासन समितिमा पनि पत्रकारले आचारसंहिता उल्लंघनका उजुरी बढेका छन्। अझ एउटा पत्रकार वा सञ्चार संस्थाले अर्कोमाथि पेसागत मर्यादा उल्लंघन गरी हिलो छ्यापाछ्याप गर्ने प्रवृत्ति देखिएको छ। आफू पत्रकारिताको खोल ओढेर जस्तो पनि काम गर्न पछि नहट्ने, अरूले गर्ने काममा प्रश्न उठाउने गर्दा पेसाकै इज्जत र मर्यादा घट्छ। पत्रकारिता अनुभवले पनि गर्न सकिने पेसा हुँदाहुँदै निश्चित तहसम्मको अध्ययन हुनुपर्नेतर्फ समेत हाम्रो जोड हुनैपर्छ। न्यूनतम प्लस टु, स्नातक वा कति पढेका पत्रकार छन् भनेर समाजले खोज्दा देखाउने उत्तर हामीसँग हुनैपर्छ।

## ४. व्यावसायिकताको प्रश्न

नेपाली पत्रकारिताको इतिहास जति लम्बिँदै गयो, जति अनुभव थपिँदै गयो, व्यावसायिकतामाथि त्यति नै धेरै चुनौती र समस्या थपिने आश्चर्य र डरलाग्दो अवस्थामा हामी छौँ। मुलुकमा जारी राजनीतिक संक्रमणबाट जोगिएर व्यावसायिकताको धार पक्रन असफल भएको देखिन्छ। राजनीतिलाई दिशानिर्देश गर्ने सञ्चारमाध्यम स्वयं अलमलमा परेको हो कि भनी जनमानसले प्रश्न उठाउन थालेका छन्। कुनै घटना वा अवस्थाको व्यावसायिकभन्दा पनि 'लाइन' का समाचार, विश्लेषण, अन्तर्वार्ता वा सम्पादकीयले हामीलाई कहाँ पुऱ्याउँछ ?

व्यावसायिकताको धार बलियो हुन सकेको भए राजनीतिक संक्रमण चिर्न झन् सशक्त ढंगले सन्देश र दबाब दिन सकिन्थ्यो। अर्को कारण सञ्चारमाध्यममा अपारदर्शी लगानी हो। अपारदर्शी लगानीले पनि पत्रकारिताको विकासक्रमलाई प्रभावित पारेको छ। सिंगो पत्रकारिताको अगुवा संस्था भएकाले महासंघले यसमा आफ्नो भूमिका खोज्नु जरुरी छ। त्यसका लागि सम्बद्ध निकायसँग अन्तर्क्रिया गर्ने, राजनीतिक संक्रमण, त्यसले थिचेको मिडिया र त्यसको प्रभावबारे अनुसन्धान गरी प्रतिवेदन सार्वजनिक गर्ने काम गर्न ढिला भइसकेको छ।

## ५. समावेशीकरण

सञ्चारमाध्यम समावेशी हुन सकेका छैनन्। सञ्चारमाध्यममा काम गर्नेको संख्या र तिनले प्रस्तुत गर्ने विषयवस्तु दुवै हेर्दा त्यो प्रस्ट हुन्छ। त्यसको कारण पहिल्याई समाधानतर्फ पाइला चाल्नुपर्छ। त्यसका लागि सञ्चार गृहको सञ्चालक, सञ्चार कक्षका अग्रजसँग अन्तरक्रिया हुनुपर्छ। महासंघ र सञ्चार कक्षबीच सञ्चार क्षेत्र सुधारका एजेन्डामा नजिकको सम्बन्ध हुनुपर्छ। त्यसो हुन सके समावेशीकरणका समस्या हल हुँदै जानेछन्। ●

bkbasnet@gmail.com



# महासंघलाई पत्रकार मात्रको बनाऔं

**राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रूपमा हासिल गरेको उच्च प्रतिष्ठालाई खस्किन नदिन महासंघले आगामी दिनमा निर्ममतापूर्वक सदस्यता शुद्धीकरण अभियान चलाउनै पर्छ ।**

■ राजेश मिश्र

०६५ सालको केन्द्रीय महाधिवेशनस्थल अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र परिसरमा सर्लाहीका क्रियाशील पत्रकारहरूले 'नेपाल पत्रकार महासंघलाई पत्रकार मात्रको संगठन बनाऔं' भनेर धर्ना दिए । कारण थियो- सर्लाही शाखामा एक हूल गैरपत्रकारले सदस्यता पाउनु ।

त्यतिखेर त्यहाँ पत्रकारितासूग कुनै सम्बन्ध नरहेको मजदुर, शिक्षक र सरकारी कर्मचारीसम्मले व्यक्तिविशेषको पहलमा सदस्यता पाएर पत्रकारलाई उसैको संगठन अल्पमतमा पारेका थिए । महासंघबाट टाढिएका त्यहाँका क्रियाशील पत्रकारहरूले आफ्नो संगठन हात पार्न ६ वर्ष संघर्ष गरे ।

निरन्तरको संघर्ष र केन्द्रीय नेतृत्वको सहयोगले त्यहाँ क्रियाशील पत्रकारहरू महासंघमा स्थापित हुन सफल भएका छन् । जसको पत्रकारितासँग कुनै साइनो नै थिएन अहिले उनीहरू क्रमशः महासंघबाट टाढिएका छन् ।

अहिले २५ सदस्यीय सर्लाही शाखामा शतप्रतिशत त नभनौं तर त्यसको नजिक सदस्यता शुद्धीकरण गर्न सफल भएको अध्यक्ष रोशन न्यौपानेको दाबी छ । राजनीतिक आस्थाका आधारमा नभई व्यावसायिकता र क्रियाशीलताका आधारमा पत्रकारहरूमा रहेको एकता र सहकार्यले नै सदस्यता शुद्धीकरणमा सफलता हात लागेको उनी बताउूछन् ।

सर्लाहीमा देखिएको समस्या अधिकांश जिल्लाका क्रियाशील र व्यावसायिक पत्रकारहरूले भोग्दैछन् । पत्रकारहरू आफ्नै संगठनमा असम्बन्धित पेसा व्यवसायका व्यक्तिहरूबाट अल्पमतमा पर्दैछन्, परेका छन् वा उनीहरूको विशेष प्रभावले आक्रान्त छन् । महासंघ र सम्पूर्ण पत्रकारका लागि यो चुनौतीको विषय बनेको छ ।

पत्रकारिता पेसामा नजोडिएका वा पत्रकारिता छाडिसकेका व्यक्तिलाई सदस्यताबाट हटाउने तथा त्यस्तालाई प्रवेशमा वञ्चित बनाएर महासंघलाई क्रियाशील पत्रकारहरूको मात्र संगठन कसरी बनाउने, यो हामी सबैका अगाडि आएको चुनौती हो ।

महासंघमा मुलुकभरबाट ८ हजार बढी सदस्य छन् । सबैलाई थाहा छ, ती सबै पत्रकार होइनन् । यो लुकेको विषय होइन । सदस्यता शुद्धीकरण अभियान चलाउने हो भने उक्त संख्या अहिलेभन्दा आधाको हाराहारीमा झर्ने सम्भावना रहन्छ । सदस्यता शुद्धीकरणका कुरा महासंघको केन्द्रीय समितिको प्रत्येक बैठकमा जोडतोडका साथ उठे पनि कार्यान्वयन तहमा त्यसले सफलता पाएको छैन ।

महासंघको अहिलेको विधान र सदस्यता नवीकरण तथा प्राप्ति कार्यविधि निर्देशिकालाई टेकेर कडिकडाउ गर्ने हो भने पनि सदस्यता शुद्धीकरणमा ठूलो सफलता हात लाग्न सक्छ । तर त्यो कार्यान्वयनका लागि केन्द्रीय पदाधिकारीदेखि जिल्ला तहमा ठूलो इच्छा शक्ति, आँट र क्रियाशील पत्रकारहरूको बलको आवश्यकता छ । अझ यसका लागि त जिल्ला-जिल्लामा राजनीतिक




आस्थाभन्दा टाढा रहेर एकजुट भई क्रियाशील पत्रकारहरूले नै भूमिका खेल्न जरुरी छ । सर्लाही त्यसको उदाहरण हो ।

'हाम्रो' भन्दा पनि सदस्यता दिन वा नवीकरण गर्न खोजिएको व्यक्ति पत्रकार हो/होइन भन्ने विषय प्राथमिकतामा राखेर जिल्ला तथा केन्द्रीय नेतृत्वले काम गर्न आवश्यक छ । पत्रकारिता नगरे पनि आफ्नो अनुकूल भए सहानुभूति राखेर नवीकरण गर्ने वा कागजी प्रक्रिया पुऱ्याएर सदस्यता दिने परिपाटीको अन्त्य गर्न हामी सबैले आँट गर्नुपर्छ ।

विधान र निर्देशिकाले सदस्यता प्राप्ति एवं नवीकरणका लागि पत्रकारितामा निरन्तर क्रियाशीलतालाई अनिवार्य बनाएको छ । उक्त प्रावधानलाई पनि गैरपत्रकार तथा त्यस्तालाई संरक्षण दिनेहरूले कमजोर बनाउने प्रयत्न गरेका छन् । कहिल्यै समाचार नलेखेकाहरूको बाइलाइन तथा सीडी कपीसम्म तयार गरेर सदस्यता दिलाउन सफल भइरहेका छन् । त्यस्तालाई निरुत्साहित पार्न र सदस्यता शुद्धीकरणका लागि जिल्ला-जिल्लामा क्रियाशील पत्रकारले दबाबमूलक अभियान थाल्नैपर्छ । सदस्यता पाउनका लागि आउने न्यूनतम तलब खुलेको नक्कली नियुक्तिपत्रको चाडले श्रम शोषणको समस्या नरहेको देखाउछ भने अर्कोतिर श्रमजीवी पत्रकारका न्यूनतम र नियमित तलबका समस्या ज्यूका त्यू छ ।

महासंघको जिल्ला शाखाले चनाखो र सतर्क भएर आएका कागज तथा व्यक्तिका बारेमा स्वतन्त्र ढंगले परीक्षण गरेर मात्र सिफारिस गर्न र त्यसैअनुसार केन्द्रले पनि सदस्यता प्रदान गर्ने विषयमा कठोर प्रक्रियाको थालनी गर्न आवश्यक छ ।

सदस्यता शुद्धीकरणकै लागि महासंघले क्रियाशीलताको प्रमाणसँगै, शैक्षिक योग्यता, न्यूनतम तलब खुल्ने नियुक्तिपत्र, कुनै राजनीतिक दल वा त्यसका भ्रातृ संगठन (पत्रकारसँग सम्बन्धित संगठनबाहेक) मा आबद्धता नभएको जस्ता प्रमाण र आधारहरूको प्रावधान राखेको छ । नवीकरण तथा सदस्यता शुल्क बढाइनु, समयमा नवीकरण नगर्नेलाई विलम्ब शुल्क, लगातार दुई वर्ष नवीकरण नगरे स्वतः सदस्यता खारेजी, नयाँ वा नवीकरणका लागि जिल्ला कार्यसमितिको निर्णय, सदस्यताको आवेदन लिने वा स्वीकृति गर्ने कार्य केन्द्रीय अधिवेशन हुनुभन्दा ६ महिना पहिले भइसक्नुपर्ने जस्ता प्रावधान शुद्धीकरणकै प्रयासस्वरूप राखिए पनि त्यसको पूर्णतया कार्यान्वयन हुन सकेको छैन । सबै प्रावधान फगत औपचारिकता र सस्तो प्रचारमा सीमित हुन पुगेको छ ।

झन्डै ७५ प्रतिशत सदस्यता प्रदान र नवीकरण अधिवेशनसँगैका दिनहरूमा हुन्छ । विधान र निर्देशिकाका प्रावधानहरूलाई केन्द्र र जिल्ला शाखाले नजरअन्दाज गर्दा पनि महासंघले आफ्नो साखमा ठूलो क्षति बेहोरिरहेको छ । महासंघ कुनै राजनीतिक दल वा त्यसको भ्रातृ संगठन होइन कि जति सदस्य संख्या बढ्यो त्यति राम्रो यो विशुद्ध पत्रकारहरूको मात्र संगठन हो, यहाँ पत्रकारमात्र अटाउनुपर्छ ।

महासंघमा गैरपत्रकारको ठूलो भीडका कारण पेसागत मर्यादासँगै क्रियाशील पत्रकार र महासंघको प्रतिष्ठामा आघात पुग्ने गरेको छ । महासंघले ल्याउन चाहेको बिमा, क्षमता अभिवृद्धिका तालिम वा अन्य विभिन्न अवसर सदस्यहरूको ठूलो संख्याका कारण कार्यान्वयनमा कठिनाइ उत्पन्न हुने गरेको छ । त्यस्तै साधारणसभा होस् वा अधिवेशन धेरै खर्चिलो तथा भड्किलो बन्ने गरेको छ ।

व्यावसायिक र क्रियाशील पत्रकार आफ्नै संगठनमा कमजोर भएकै कारण महासंघमा दिनदिनै राजनीतिक दलहरूको प्रभावसमेत बढ्दै गएको देखिन्छ । अन्य पेसागत संगठनहरूभन्दा स्वच्छ र दलहरूको प्रभाव मुक्त देखिनुपर्ने पत्रकारहरूको संगठन नराम्ररी राजनीतिक दलको चंगुलमा फस्दै गएको छ । दलका नेताहरूले महासंघका लागि उम्मेदवार छनोट गर्नेदेखि चुनावका बेला प्रत्यक्ष देखाउने हस्तक्षेपले महासंघको निर्वाचन पत्रकारमात्र बीचको भन्दा पनि दलबीचको जस्तो हुन पुगेको छ ।

लामो इतिहास र प्रतिष्ठा कमाएको अगुवा नागरिक संगठनका रूपमा स्थापित महासंघमाथि आफ्नै सदस्यका आचरण र व्यवहारका कारण पटक-पटक औंला उठ्ने गरेको छ । राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रूपमा हासिल गरेको उच्च प्रतिष्ठालाई खस्किन नदिन महासंघले आगामी दिनमा निर्ममतापूर्वक सदस्यता शुद्धीकरण अभियान चलाउनै पर्छ । यस अभियानका लागि मूल रूपमा देशभरका क्रियाशील पत्रकारले जिल्लादेखि केन्द्रसम्म दबाब सिर्जना गर्न आजको आवश्यकता बनेको छ ।

महासंघको प्रतिष्ठा बढाउने गरी सदस्यता शुद्धीकरण र महासंघलाई राजनीतिक प्रभावबाट मुक्त बनाउने विषयमा पोखरा साधारणसभामा गम्भीर छलफल गरौं । एकचोटिमा पक्कै सकिँदैन तर अभियानलाई निरन्तरता दिए पक्कै सफलता टाढा हुने छैन । महासंघलाई पत्रकार मात्रको संगठन बनाउने अभियानमा सबै सक्रिय होऔं । ●

rajesh.reporter@gmail.com



# मर्यादित पत्रकारिताको बहस

■ जनक नेपाल

पोखरा साधारणसभापछि पत्रकार महासंघभित्र मर्यादित पत्रकारिताको मुद्दाले पनि प्रेस स्वतन्त्रता र भौतिक तथा व्यावसायिक सुरक्षाजत्तिकै स्थान पाउनुपर्छ ।

०६२/०६३ को शान्तिपूर्ण जनक्रान्तिपछि नेपाल पत्रकार महासंघले पूर्ण प्रेस स्वतन्त्रतासहितको लोकतान्त्रिक संविधानको माग गर्दै आएको छ । सँगै व्यावसायिक तथा भौतिक सुरक्षाको मुद्दालाई पनि छाडेको छैन । संक्रमणकाल लम्बिएको छ । संविधान बन्ने कुनै टुंगो छैन । राजनीतिक परिवर्तनपछि बढेका जातीय, क्षेत्रीय र साम्प्रदायिक अपेक्षाहरू सम्बोधन गर्नुको सट्टा राजनीतिक दलहरू सत्तामोहमा फसेका छन् । अराजकता मौलाएको छ । जहाँतहीँ दण्डहीनता छ । यस्तो बेला पत्रकार झन् बढी असुरक्षित भएका छन् । त्यसैले पत्रकारको सुरक्षाप्रति महासंघले खास योजना बनाउनु जरुरी छ ।

पत्रकार असुरक्षित हुनुका अनेक कारण छन् । शासन व्यवस्था फेरियो । संघीय लोकतान्त्रिक गणतन्त्र भनियो । तर सरकारको कार्यशैली र राजनीतिक दलहरूका व्यवहारहरू लोकतान्त्रिक हुन सकेका छैनन् । फलतः पत्रकारहरू समाचार लेखेकै कारण आक्रमणको निसाना बनिरहेका छन् । राज्य पुनर्संरचनाको सघन बहस गर्नुपर्ने बेला पत्रकारहरू 'सेल्फ सेन्सरसिप' मा काम गर्दैछन् । लोकतन्त्र स्थापनापछि पनि बाराका वीरेन्द्र साह र कैलालीका जेपी जोशी समाचार वा विचार लेखेकै कारण मारिए । पछिल्लो समय पत्रकारहरूले राजनीतिक दलहरूका युवा दस्ताको डर, त्रास, जातीय-क्षेत्रीय पार्टीका धम्कीपूर्ण दबाब र कमजोर सुरक्षा व्यवस्थाबीच काम गर्नुपर्ने स्थिति छ । यी घेराबन्दीमा तटस्थ र व्यावसायिक पत्रकारिता गर्नु चुनौतीपूर्ण छ ।

पत्रकारहरूको भौतिक असुरक्षाको अर्को कारण असन्तुलित पत्रकारिता हो । आरोपित व्यक्ति वा संस्थालाई दोषी ठहर गर्ने अपरिपक्क शैलीले सिंगो पत्रकारिता क्षेत्रमाथि पूर्वाग्रही भएको आरोप लागेको छ । त्यसमा प्रेस काउन्सिल पनि जिम्मेवार छ । न राम्रो अनुगमन गर्छ, न त आचारसंहिता र पत्रकारिताको मूल्य-मान्यता बाहिर जानेहरूलाई कारबाही गर्छ । काउन्सिल राजनीतिक पार्टीहरूको भर्ती केन्द्र बनेको छ । काउन्सिलमा राजनीतिक दलका केन्द्रीय सदस्यदेखि विवादास्पद छविका व्यक्तिसम्म नियुक्त हुन्छन् । सबैभन्दा बढी आचारसंहिता उल्लंघनकर्ता अखबारका सम्पादक/प्रकाशकहरू त्यहाँ छन् । त्यसैले अहिलेकै संरचना र नियुक्ति प्रक्रियाको काउन्सिलले पत्रकारिताका विकृतिहरू हटाउन सक्दैन । त्यसैले पत्रकार महासंघले मर्यादित पत्रकारिता र प्रभावकारी प्रेस काउन्सिलको मुद्दालाई पनि उठाउनुपर्ने जरुरी छ ।

पत्रकारले जे लेख्छ त्यो सधैं सत्य हुन्छ भन्ने छैन । विभिन्न प्राविधिक वा मानवीय कमजोरी, स्रोतहरूको योजनाबद्ध षड्यन्त्रमा पत्रकार फस्न सक्छ । समाचार त्रुटिपूर्ण हुन सक्छ । ती गल्ती सच्याउन पत्रकार र सञ्चारगृहबाट कन्जुस्याइँ गर्ने प्रवृत्ति छ । नियतवश गलत समाचार प्रकाशन वा प्रसारण गर्ने माध्यमलाई एक हदसम्म दण्डित गर्नुपर्ने निकाय प्रेस काउन्सिल हो । काउन्सिल राजधानीमा केन्द्रित भए पनि राजधानीकै सञ्चारमाध्यमले उन्मुक्ति पाइरहेका छन् । मोफसलका लागि प्रेस काउन्सिल अखबार वर्गीकरण गर्ने अड्डाबाहेक अरू प्रभाव छैन । त्यसमाथि, सञ्चारमाध्यमले प्रकाशन वा प्रसारण गरेका समाचार/रिपोर्टलाई चुनौती दिन प्रेस काउन्सिल र अदालती प्रक्रिया लामो र झन्झटिलो छ ।




सञ्चारमाध्यमका गल्ती सच्याउने वा गल्ती गर्ने माध्यमलाई दण्डित गर्ने भरपर्दो उपाय नदेखेर पनि आक्रमणमा उत्रिनेहरू पनि छन् । यस्ता कारणले हुने आक्रमण अत्यन्त कम भए पनि पत्रकारिताको मर्यादा घटाउन यी घटनाहरू पर्याप्त र गम्भीर ढंगले आइरहेका छन् । पत्रकारले जे लेखे पनि, जे प्रसारण गरे पनि हुन्छ भन्ने गलत धारणा र सञ्चारमाध्यमको दुरुपयोग रोक्न पनि प्रेस काउन्सिलको सक्रियता र प्रभावकारिता आवश्यक छ ।

तीन वर्षअघि ०६६ फागुन १३ र १४ गते नेपालगन्जमा गरिएको महासंघको केन्द्रीय साधारणसभाले 'व्यावसायिक तथा भौतिक सुरक्षाका लागि पत्रकार एकता : नयाँ संविधानमा पूर्ण प्रेस स्वतन्त्रता' नारा लिएको थियो । नेपालगन्जबाट पोखरा साधारणसभासम्म आइपुग्दा उक्त नाराको महत्व उत्तिकै छ । नेपाली पत्रकारिताका चुनौती सामना गर्नेबारे त्यसबेला मुख्यतः चार वटा पक्षबाट समीक्षा गरिएको थियो । पहिलो, पूर्ण प्रेस स्वतन्त्रताको संवैधानिक व्यवस्था नहुँदासम्म पत्रकारिता सुरक्षित नहुने भएकाले नयाँ संविधानमा संकटकालमा समेत प्रतिबन्ध तथा अंकुश नलाग्ने गरी स्वतन्त्रताको ग्यारेन्टी हुनुपर्ने माग थियो । दोस्रो, पत्रकारहरूको भौतिक तथा व्यावसायिक सुरक्षा महासंघको प्रमुख मुद्दा बनेको छ । सरकारले निर्णय गरेर पनि श्रमजीवी पत्रकार ऐन कार्यान्वयन गर्न सकेको छैन । निजी सञ्चारगृहमा त परै जाओस्, सरकार नियन्त्रित सञ्चारमाध्यमले समेत ऐनको कार्यान्वयन गरेका छैनन् । यसले ऐन कार्यान्वयनमा सरकारी इमानदारितामाथि प्रश्न उठेको छ । ६० प्रतिशतभन्दा अधिक पत्रकारहरू अझै पनि न्यूनतम पारिश्रमिकबाट समेत वञ्चित छन् । सञ्चारगृहहरूले श्रम शोषण गरिरहँदा पनि सम्बद्ध सरकारी निकाय मौनजस्तै देखिन्छन् । त्यसैले महासंघले श्रमजीवी पत्रकार ऐन र न्यूनतम पारिश्रमिक निर्धारण समितिको सिफारिस कार्यान्वयन नगर्ने सञ्चार माध्यमहरूलाई कारबाही गर्न र त्यस्ता सञ्चारमाध्यमहरूलाई राज्यबाट दिइँदै आएको सुविधा रोक्न माग गरेको थियो ।

राज्य तथा गैरराज्य पक्षबाट सञ्चारकर्मीमाथि भइरहेको आक्रमण, हत्या रोक्न र दण्डहीनताको अन्त्य गरी नागरिक सुरक्षाको प्रत्याभूति दिलाउन, पत्रकारहरूको हत्या तथा अपहरणमा संलग्न दोषीमाथि कारबाही गर्न, बेपत्ता पारिएका पत्रकारको खोजी गर्न तथा हत्याका घटनाहरूको छानबिन गर्न उच्चस्तरीय न्यायिक आयोगको पनि माग गरिएको थियो । तर सरकार पत्रकार डेकेन्द्रराज थापा हत्याका पक्राउ अभियुक्तहरूलाई गैरकानुनी उन्मुक्ति दिन हदैसम्म गैरजिम्मेवार भएर प्रस्तुत भयो ।

तेस्रो सवाल भनेको पत्रकारिताको संस्थागत विकास हो । लोकतान्त्रिक आन्दोलन होस् वा पेसाकर्मी र नागरिक समाजको अगुवाइमा, दुवैमा पत्रकार महासंघले संघर्ष गर्दै आएको कतैबाट लुकेको छैन । तर सरकारले पत्रकारिताको संस्थागत विकासका निम्ति ठोस कदम चालेको छैन । न त सरकारसँग कुनै योजना छ । शिक्षा, स्वास्थ्य, कृषि क्षेत्रमा झैं सञ्चार क्षेत्रमा पनि सरकारी लगानी हुन जरुरी छ । स्थानीय निकायबाट नीतिगत ढंगले बजेट विनियोजन हुन सके गाउँका आर्थिक, सामाजिक मुद्दा र समस्याबारे तल्लो तहसम्म बहस-अन्तरक्रिया र सामुदायिक चासोका विषयमा सचेतना अभिवृद्धि हुन सक्छ ।

चौथो, महासंघलाई प्रत्यक्ष निर्वाचन प्रणालीमा लैजानुपर्ने बहस नेपालगन्ज साधारणसभाबाट औपचारिक रूपमा उठेको थियो । प्रत्यक्ष निर्वाचन प्रणालीमा लैजानेमा महासंघको तत्कालीन केन्द्रीय समिति सर्वसम्मत थियो । तर संगठनको शुद्धीकरण नभई प्रत्यक्ष निर्वाचनमा जानु श्रमजीवी पत्रकारको हितविपरीत हुनेमा आम बुझाइ रह्यो । पत्रकारितामा निष्क्रिय, पेसा छाडिसकेका, विभिन्न गम्भीर आरोपमा मुछिएका र प्रत्यक्ष राजनीतिमा संलग्नहरूको सदस्यता नवीकरण नगर्ने महासंघको नीति छ । नयाँ सदस्यता वितरण र नवीकरणमा पत्रकारहरूको सक्रियतालाई आधार बनाउने निर्णय भएको छ । तर कार्यान्वयनमा भएका ढिलाइ र कमजोरीले शुद्धीकरण अभियानले पूर्णता नपाउँदा महासंघ प्रत्यक्ष निर्वाचन प्रणालीमा जान सकेको छैन । त्यसैले पोखरा साधारणसभापछि पत्रकार महासंघभित्र मर्यादित पत्रकारिताको मुद्दाले पनि प्रेस स्वतन्त्रता र भौतिक तथा व्यावसायिक सुरक्षाजत्तिकै स्थान पाउनुपर्छ । ●

# पत्रकारको पक्षमा अदालत



■ शंकरप्रसाद खनाल

श्रमजीवी पत्रकारको पक्षमा अदालतबाट भएको फैसला कार्यान्वयन नगरेर आलटाल गर्ने मिडिया व्यवस्थापकलाई अदालतले कैद र जरिवानाको फैसला सुनाएपछि त अब श्रमजीवी पत्रकारलाई बिनाकारण निष्कासन गर्ने व्यवस्थापकले कम्तीमा पनि तीनपटक सोच्न बाध्य बनाउनेछ ।

राजधानी दैनिकले गैरकानुनी ढंगले त्यहाँ कार्यरत समाचार संयोजक रामप्रसाद दाहाललाई २०६१ फागुनमा अवकाश दियो । अवकाशपछि पनि दाहालले श्रम अदालतमा २०६२ वैशाखमा मुद्दा दर्ता गरे । अदालतले ०६३ असोज २२ गते अवकाश गर्ने निर्णय बदर गर्दै पुनर्बहाली गर्नुपर्ने फैसला गर्‍यो । फैसला कार्यान्वयन छोडेर प्रकाशक महेन्द्र शेरचनले श्रम अदालतको फैसला खारेजीको माग गर्दै सर्वोच्चमा रिट दायर गरे । सर्वोच्चले श्रम अदालतको फैसलालाई सदर गर्दै राजधानी दैनिकको रिट खारेज गरिदियो । श्रम कार्यालयले राजधानी दैनिकको व्यवस्थापनलाई फैसला कार्यान्वयन गर्न पटक-पटक निर्देशन दियो तर राजधानीको व्यवस्थापनले त्यो आदेशको कुनै वास्ता गरेन । श्रम अदालतले २०६८ चैत ३० गते राजधानी दैनिकका प्रकाशक महेन्द्र शेरचनलाई ५ हजार जरिवाना र २ महिना कैद सजायको फैसला सुनायो । २०६९ जेठको अन्तिम साता राजधानी दैनिकले पत्रकार दाहाललाई पुनर्बहाली गर्दै अवकाशको झन्डै ८ वर्षपछि २० लाख रूपैयाँ पारिश्रमिक, भत्ता र अन्य सुविधा उपलब्ध गरायो । दाहाल भन्छन्- 'मेरो जित कडा संघर्षको परिणाम हो । न्यायका लागि सर्वोच्च र श्रम अदालतका तीन वटा फैसला भए । श्रम अदालतले अन्तिम पटक जेल र जरिवानाको फैसला गरेपछि अदालतको फैसला कार्यान्यनमा आएको हो ।'

अदालतबाट न्याय पाउने दाहाल एक्ला पत्रकार भने होइनन् । श्रम अदालतबाट पत्रकार विकास थापाले पनि न्याय पाएका छन् । पत्रकार थापालाई कान्तिपुर पब्लिकेसन्सले २०६७ भदौ १६ मा बर्खास्त गर्‍यो । बर्खास्तीका लागि आधार बनाइयो- 'सहकर्मी पत्रकार मैना धितालमाथि 'गाली गलौज र अश्लील शब्द प्रयोग गरी इमेल पठाएर अपराध गरेको' । एकातिर प्रकाशन गृहले बर्खास्ती त गर्‍यो, अर्कोतिर पत्रकार धितालले थापाविरुद्ध जिल्ला अदालत काठमाडौंमा गाली बेइज्जती र विद्युतीय कारोबार ऐनअन्तर्गत मुद्दा पनि दायर गरिन् । काठमाडौं जिल्ला अदालतले दिएको आदेशबमोजिम पुर्पक्षका लागि थापाले तीन महिना १७ दिन जेल र १७ दिन हिरासतमा बस्नुपर्‍यो । आफ्नै प्रकाशन गृहको पत्रकारबीच आन्तरिक खिचातानी र षड्यन्त्रले आफूलाई फसाइएको दाबी थापाको थियो । २०६९ भदौ १२ गते काठमाडौं जिल्ला अदालतका न्यायाधीश जगतप्रसाद श्रेष्ठको इजलासले 'शंका र अनुमानको आधारमा आरोप प्रमाणित नभएको' भन्दै सबै आरोपबाट सफाइ दियो । सफाइ पाएलगत्तै थापाले श्रम अदालतमा कान्तिपुर दैनिकमा पुनर्बहालीको माग गर्दै मुद्दा हाले । गएको भदौ १२ गते श्रम अदालतले फैसला गर्दै थापाको बर्खास्ती श्रमजीवी पत्रकार ऐन र प्राकृतिक न्यायको सिद्धान्तविपरीत भएको ठहर गर्दै पुनर्बहाली गर्न फैसला गर्‍यो । थापालाई कान्तिपुर पब्लिकेसन्सले २०६९ पुस ९ गते पुनर्बहाली गर्न बाध्य भयो । थापाले चार दिन हाजिर गरेर कान्तिपुरबाट पाउनुपर्ने सञ्चयकोष, अवकाश भएदेखि हालसम्मको तलब, भत्ताबापत झन्डै १२ लाख रूपैयाँ बुझेर अहिले स्वेच्छिक रूपमा अवकाश लिएका छन् । 'बूढी मरी भन्दा पनि काल पल्क्यो' जस्तो मिडियामा व्यवस्थापकको मनपर्दी सुरु भएको थियो, उनी भन्छन्, 'यो मेरो मात्र होइन, न्यायको जित हो । यही नजिरका आधारमा अन्यायमा परेका श्रमजीवी पत्रकारले न्याय पाउने ढोका खुलेको छ । अब व्यवस्थापनलाई गुमराहमा राखेर कोही पत्रकारले सहकर्मीमाथि पीडासमेत दिन सक्दैनन् ।'

नेपालका श्रमजीवी पत्रकारका लागि अहिले यी दुई फैसला ऐतिहासिक नजिर बनेका छन् । पत्रकार दाहालले पाएको न्यायको नजिर थापाका लागि न्याय पाउने आधार बन्यो । अब यी दुवै नजिर अन्य श्रमजीवी पत्रकारका लागि मार्गदर्शक बन्ने निश्चित छ । यी दुई मुद्दा नेपाली पत्रकारिताको इतिहासमा श्रमजीवी पत्रकारका पक्षमा भएका ऐतिहासिक फैसलाका रूपमा पनि दर्ज भएका छन् ।

त्यसो त, अदालतबाट श्रमजीवी पत्रकारका पक्षमा भएका यी दुई फैसलामात्र होइनन्, श्रम अदालतले टीभी लाइभ इन्डिया प्रा.लि. द्वारा भारतको दिल्लीबाट प्रसारण हुने नेपाली भाषाको टेलिभिजन नेपाल वानले काठमाडौंस्थित ब्युरो कार्यालयका समाचार प्रमुख धर्मेन्द्रकुमार कर्णलाई २०६८ वैशाख २८ गते जागिरबाट अवकाश दिने कार्य गैरकानुनी भन्दै पुनर्बहाली गरेर अवकाश दिएको मितिदेखिको तलब भत्ता उपलब्ध गराउन नेपाल वानलाई श्रम कार्यालयले दिएको आदेशलाई सदर गरेर न्याय दिलाएको छ । यद्यपि नेपाल वानको व्यवस्थापन पनि न्याय कार्यान्वयन गर्न छोडेर फैसला बदरको माग गर्दै सर्वोच्च अदालत पुगेको छ ।

त्यस्तै कामना प्रकाशन समूह (हाल कामना न्युज पब्लिकेसन) ले कामबाट अवकाश दिएका लेखा फाँटमा हरिशचन्द खड्कालाई श्रम कार्यालय र श्रम अदालतबाट न्याय मिल्यो । कामनाले खड्कालाई अदालतको आदेशअनुरूप पुनर्बहाली त गर्‍यो तर अझै पारिश्रमिक भने उपलब्ध गराएको छैन । श्रम अदालतको मुद्दा फाँटका नायब सुब्बा शालिकराम पाण्डेका अनुसार अदालतबाट गोरखापत्र दैनिककी स्टिन्जर भवानी कार्कीलाई करार सेवाबाट हटाउने निर्णय बदर गर्दै श्रम अदालतले साबिकको पदमा

पुनर्बहाली गर्ने फैसला गरेको छ । त्यस्तै माउन्टेन टेलिभिजनका शशिबाबु घिमिरेलाई पनि पुनर्बहाली गर्नुपर्ने फैसला गरेको छ भने माउन्टेन टेलिभिजनका निर्मल अधिकारीको निलम्बनसम्बन्धी मुद्दा अहिले विचाराधीन नै छ । हुन त अदालतबाट फैसला भएका तर सञ्चार गृहले कार्यान्वयन नगरेका मुद्दा पनि नभएका होइनन्, कान्तिपुर दैनिक र काठमान्डु पोस्ट दैनिक (अंग्रेजी) को स्थापनाकाल (२०४९ फागुन ७) देखि संवाददाताका रूपमा काम गरेका श्रीलाल साहलाई अवकाश दिने कार्य गैरकानुनी भन्दै श्रम कार्यालय, पाटन पुनरावेदन अदालत र सर्वोच्च अदालतबाट पुनर्बहाली गर्न दिएको आदेशको कार्यान्वयन हुन सकेको छैन ।

श्रमजीवी पत्रकारहरूको मुद्दा निःशुल्क रूपमा लड्नका लागि नेपाल पत्रकार महासंघले कानुनी सहायता केन्द्र स्थापना गरेका छन् । महासंघको कानुनी डेस्कका प्रमुख अधिवक्ता भक्तिप्रसाद घिमिरे श्रम कार्यालय, श्रम अदालत, पुनरावेदन अदालत र सर्वोच्च अदालतका यी प्रतिनिधिमूलक फैसलाबाट श्रमजीवी पत्रकारले न्याय पाउने मार्गप्रशस्त गरेको दाबी गर्दै भन्छन्, 'कुनै पनि पत्रकारलाई अन्याय भएको छ भने अब चुप लागेर बस्ने होइन । न्यायका लागि अदालतबाट न्याय खोज्न थाल्नुपर्छ । जित निश्चित छ ।'

नेपालमा रहरले, देखासिकी गरेर वा अर्काको होडबाजीमा मिडिया खोल्ने लहर चलेको छ । यसरी खोलिएका सञ्चार गृहमा श्रमजीवीको श्रम र पसिनाबाट व्यवस्थापक मात्र मोटाउने, श्रमजीवीले अत्यन्त न्यून पारिश्रमिकमा काम गर्नुपर्ने, त्यो पनि समयमा नपाउने समस्या छ । अझ व्यवस्थापकले चाहेको खण्डमा मरिमेटेर काम गर्ने श्रमजीवीलाई मनोमानी ढंगले, सफाइको मौकासमेत नदिई एकतर्फी रूपमा आफूसुखी जागिरबाट हटाउने परिपाटी छ । श्रमजीवी पत्रकारको पक्षमा अदालतबाट भएको फैसला कार्यान्वयन नगरेर आलटाल गर्ने मिडिया व्यवस्थापकलाई अदालतले कैद र जरिवानाको फैसला सुनाएपछि त अब श्रमजीवी पत्रकारलाई बिनाकारण निष्कासन गर्ने व्यवस्थापकले कम्तीमा पनि तीनपटक सोच्न बाध्य बनाउनेछ । यो फैसलाको अर्को पाटो वर्षौं काम गरेर पत्रकारिता पेसामा लागेको व्यक्ति कुनै पारिश्रमिक नपाएर अवकाश पाउने गरेकोमा यी फैसलाबाट उपलब्ध गराइएको मोटो रकमले पेसागत सुरक्षाको प्रत्याभूति दिलाएको छ । अरूका पीडा र ज्यादतीका समाचार लेख्ने पत्रकारहरूका पीडा सुन्ने निकायको अभाव भएका बेला श्रमजीवी पत्रकारका पक्षमा भएका यी फैसलाले पत्रकारको आशा, भरोसा र आत्मबल पनि बढाएको छ । आफ्नो अरू कोही नभए पनि अदालत त छ, त्यहीँबाट भए पनि न्याय पाइन्छ भन्ने पत्रकारमा विश्वास पनि जगाएको छ । ●

# श्रमजीवीका न्यायाधीश



न्यायाधीश अग्निप्रसाद थपलिया श्रमजीवीबीच रामप्रसाद दाहालको मुद्दाको फैसला कार्यान्वयन नगरेकामा उत्सर्ग प्रकाशन प्रा.लि. का प्रकाशक महेन्द्र शेरचनलाई ५ हजार जरिवाना र २ महिना कैद सजायको फैसला सुनाएपछि उनको लोकप्रियता अहिले निकै चुलिएको छ । 'अदालतबाट फैसला हुँदैमा पीडितले न्याय पाएको मानिँदैन । जबसम्म फैसलाको कार्यान्वयन हुँदैन, तबसम्म न्यायको अनुभूति हुँदैन' भन्ने मान्यता राख्ने न्यायाधीश थपलिया फैसला कार्यान्वयनका लागि जेल र जरिवाना गर्नुपर्ने अवस्थाबारे भन्छन्, 'अदालतले दाहाललाई न्याय त दियो तर फैसला कार्यान्वयन गर्न राजधानी व्यवस्थापकले पटक-पटकको आग्रह नटेरपछि अदालत कडा रूपमा प्रस्तुत हुने अवस्था आएको हो ।' उनले भने, 'यो फैसला पनि मिडियाका सञ्चालकलाई जेल हाल्ने उद्देश्यले होइन, फैसला कार्यान्वयन मुख्य उद्देश्य हो जसका लागि निश्चित समयको विकल्प दिइएको थियो ।'

पत्रकार दाहालको पक्षमा भएको श्रम अदालतको अन्तिम फैसला साँच्चिकै नजिर नै बन्यो । श्रीलाल साहको पक्षमा भएको फैसला कार्यान्वयन नगर्ने कान्तिपुर पब्लिकेसन्सले पत्रकार विकास थापाको मुद्दामा भने श्रम अदालतको फैसला तत्कालै कार्यान्वयन गरेर उदाहरण प्रस्तुत गर्नु पनि श्रम अदालतले राजधानी व्यवस्थापकलाई जेल हाल्ने फैसलाको प्रभाव नै थियो । यी दुईबाहेक पनि न्यायाधीश थपलियाले श्रमजीवी पत्रकारका पक्षमा आधा दर्जनभन्दा बढी फैसला सुनाएर अदालतप्रति पत्रकारको आशा र भरोसा बढाएका छन् ।

वि.सं. २०१६ सालमा तेह्रथुमको छातेढुंगामा जन्मिएका थपलियाले त्रिभुवन विश्वविद्यालयबाट राजनीतिशास्त्रमा एम.ए. र पूर्वाञ्चल विश्वविद्यालयबाट एल.एल.एम गरेका छन् । २०४३ सालमा मध्यपश्चिम क्षेत्रीय अदालत वीरेन्द्रनगरमा शाखा अधिकृतबाट न्याय सेवामा प्रवेश गरेका थपलियाले ५ वर्ष सरकारी वकिलको कार्यालयमा र दुई दशक अवधि जिल्ला, पुनरावेदन, विशेष र सर्वोच्च अदालतबाट न्याय सम्पादनको अनुभव सँगाल्दै २०६६ साल कार्तिकदेखि श्रम अदालतको न्यायाधीश (मुद्दा हेर्ने अधिकारी) को भूमिकामा छन् । उनको अनुभवमा मिडियाका व्यवस्थापकहरू यस्ता छन्, 'अन्य उत्पादकमूलक उद्योगका व्यवस्थापकभन्दा मिडिया उद्योगका सञ्चालक सचेत र प्रबुद्ध हुनुपर्नेमा मिडियाका सञ्चालकले श्रमजीवीलाई सफाइको मौका नै नदिएर कारबाही गर्ने गरेका छन् ।' उनको बुझाइमा श्रमजीवीका समस्या पनि उत्पादकमूलक उद्योगमा भन्दा मिडियामा झन् जटिल छन् । 'निर्णय दिने अधिकारी स्वच्छ भयो भने त्यसको प्रभाव पर्छ' भन्ने मान्यता राख्ने न्यायाधीश थपलिया कसैको डर, त्रास र प्रभावमा पर्न चाहँदैनन् । त्यसैले त उनी साँच्चै नै 'श्रमजीवीका न्यायाधीश' बन्न सफल छन् । ●

# पत्रकार बचाउन सय रुपैयाँ अभियान

काठमाडौं- नेपाल पत्रकार महासंघले पत्रकारको अप्ठ्यारो परिस्थिति र मानवीय संवेदनाको पक्षमा समेत ठोस कामहरू गरिरहेको छ । लामो समयदेखि मृगौलापीडित पत्रकार रमेश चालिसे उपचार खर्च अभावमा छट्पटिरहेका थिए । महासंघले उनको मृगौला प्रत्यारोपणका लागि आवश्यक रकम जुटाउन आफ्ना सदस्यहरूसँग कम्तीमा एक सय रुपैयाँ सहयोग अभियान थालेको थियो । त्यसको परिणामस्वरूप ७ लाख ३४ हजार १ सय ६४ रुपैयाँ संकलन गरेको थियो ।

उक्त रकमसहितको चेक असोज १८ गते महासंघले चालिसेकी आमा इन्दिरा चालिसेलाई हस्तान्तरण गरेको थियो । पत्रकार चालिसेको अहिले मृगौला प्रत्यारोपण भइसकेको छ ।



महासंघको पहलमा यति ठूलो रकम संकलन भई पत्रकारलाई वितरण गरेको यो पहिलो पटक हो । चेक हस्तान्तरण कार्यक्रममा बोल्दै महासंघका अध्यक्ष शिव गाउँलेले एउटा पत्रकार समस्यामा पर्दा नेपाली पत्रकारहरूका अतिरिक्त संसारभरिका नेपाली सञ्चारकर्मी र नेपाली समुदायले सहयोगको हात बढाएकोमा धन्यवाद दिएका थिए । ●

# उद्धार गर्दागर्दै मृत्यु



बझाङ- कार्यक्षेत्रमा जाँदै गर्दा भीरबाट खसेको ढुंगा लागी नेपाल पत्रकार महासंघ, बझाङ शाखा सचिव नरेश खड्काको गत भदौ २८ गते साँझ दुःखद् निधन भयो । खड्कालाई बचाउन महासंघ केन्द्रले आकस्मिक रूपमा हेलिकप्टरमार्फत काठमाडौं झिकाई उपचार गरेको थियो । तर घटना भएको ३ दिनपछि उनको निधन भएको थियो ।

भदौ २५ गते बझाङको हेमन्तडाँडा गाविस १ स्थित घरबाट दैनिक कामका क्रममा सदरमुकाम चैनपुर जाने क्रममा पानकोट पुल नजिक भीरबाट खसेको ढुंगा उनको टाउकोमा लागेको थियो । अचेत अवस्थामा रहेका पत्रकार खड्काको जिल्लास्थित अस्पतालमा उपचार सम्भव नभएपछि महासंघ केन्द्रको पहलमा हेलिकप्टरबाट थप उपचारका लागि नेपालगन्ज ल्याइएको थियो । नेपालगन्जबाट काठमाडौं ल्याई अन्नपूर्ण न्युरो अस्पतालमा उपचारकै क्रममै उनको २८ वर्षको अल्पायुमै मृत्यु भएको हो ।

महेन्द्रनगरबाट प्रकाशित हुने सहकर्मी साप्ताहिकबाट पत्रकारिता थालेका खड्का नयाँ पत्रिका दैनिक र माउन्टेन टेलिभिजनका स्थानीय संवाददाताका रूपमा कार्यरत थिए । ●

# नागरिकका पत्रकार मुद्दामा

काठमाडौं- नेपाल रिपब्लिक मिडिया प्रालिमा कार्यरत ७७ जना श्रमजीवी पत्रकारहरूले सेवा प्रवेश गरेको वर्षौं बितिसक्दा पनि श्रमजीवी पत्रकार ऐन, नियमअनुसार सेवाको सुरक्षा प्रत्याभूति नभएको भनी नेपाल पत्रकार महासंघ र प्रेस रजिस्ट्रार कार्यालयमा निवेदन गरेका छन् ।

महासंघले यसतर्फ गम्भीर ध्यानाकर्षण भएको जनाउँदै व्यवस्थापनसमक्ष श्रमजीवी पत्रकार ऐन, नियम र श्रम ऐनको पालना गरी व्यावसायिक पत्रकारिता गर्ने वातावरण सिर्जना गर्न माग गरेको छ । ●



# पहिला पत्रकार छुट्याऔं

■ युवराज घिमिरे, वरिष्ठ पत्रकार

**नेपाली पत्रकारितामा युवराज घिमिरेको नाम अग्रपंक्तिमा आउँछ। लामो समयसम्म भारतीय सञ्चार माध्यममा पत्रकारिता गरेका घिमिरेलाई उताका समकक्षी र पछिल्लो पुस्ताले समेत स्मरण गर्छन्। हिन्दुस्तानपछि घिमिरेले लन्डनमा बसेर बीबीसीमा पनि पत्रकारिता गरे। नेपालमा मूलधारमा रहेका विभिन्न अखबारमा काम गरिसकेका घिमिरे पछिल्लो समय आफैले साप्ताहिक अखबार सञ्चालन गरिरहेका छन्। उनले लेखेका लेख पढ्नका लागि मात्रै अखबार किन्नेहरूसमेत पाइन्छन्। कतिपय विषयमा युवराजले कलम चलाएपछि मात्र मूलधारमा बहस भएका उदाहरण छन्। पत्रकारितामा लामो समयदेखि लागिरहेका घिमिरेसँग हिजो पत्रकारिताले खेलेको भूमिका, आजको यथार्थता र भोलिको सम्भाव्यताबारे यशोदा तिम्सिना र बालकृष्ण बस्नेतले गरेको कुराकानी :**

- **केही वर्षदेखि मुलुक संक्रमणकालमा छ। यो बेलाको पत्रकारिता कुन बाटोतिर गइरहेको छ जस्तो लाग्छ ?**

संक्रमणकाल होस् या सामान्य अवस्था। पत्रकारिताका केही मौलिक पक्षहरू हुन्छन्। सत्यतथ्यलाई ध्यान दिनुपर्ने, विभिन्न विचारलाई ठाउँ दिनुपर्नेजस्ता कुरा छन्। परिवर्तनका लागि राजनीतिक आन्दोलन भयो। त्यो आन्दोलनले परिवर्तनको चाहना राख्यो। त्यो परिवर्तन संविधान लेख्ने र शान्ति प्रक्रियालाई पूर्णता दिने कुरामा जोडियो। तर यी प्रक्रियालाई भने मिडियाले वस्तुनिष्ठ तरिकाले हेरेन। दलीय र साँघुरो घेराबाट हेरियो। त्यसले राजनीतिक जिम्मेवारी लिएका व्यक्ति या पक्षहरूलाई पनि सायद हामीले राम्रो गरिराखेका छौं भन्ने लाग्यो। त्यसैले अहिलेको अनिश्चितता र अन्योलताका लागि केही हदसम्म मिडियाको पनि हात छ जस्तो लाग्छ। प्रचण्ड सधैं महान्, गिरिजा महान्, बाबुराम महान्, गल्ती नै गर्न नसक्ने भन्ने गरी प्रस्तुत गरियो।

एकातिर अधिनायकवादको विरोध गर्ने, अर्कोतिर राज्य प्रमुख, राष्ट्र प्रमुख, कांग्रेस पार्टीको अध्यक्ष पनि नछाड्ने। यस्ता प्रवृत्तिहरूलाई

पनि हामीले महान् प्रवृत्ति भनिदियौं । अर्को बराबर मैले भन्दै आएको छु, नेपालको मिडियाले द्वैध मान्यता अपनायो । जस्तो शाही आयोगको विरोध गर्नेले रायमाझी आयोगको विरोध गरेनन् । जबकि दुवै राजनीतिक रूपमा प्रयोग भएका थिए । आयोगमा आफूनिकटका र पार्टीबाट उठाएर ल्याएका व्यक्तिहरू राखिए । यी कुराहरू कसरी स्वच्छ हुन्छ भनी मान्ने ? अर्को राज्यविरोधी शक्तिका रूपमा मिडियाले आफूलाई प्रस्तुत गरे । त्यसकारण कमजोरी धेरै भएका छन् ।

**● मिडिया किन असफल बनेका होलान् त ?**

मिडियाको भूमिका, चरित्र के हुन् भन्ने कुरामा ध्यान दिइएन । उदाहरणका लागि, ६२, ६३ सालका बेला केही साथीले मलाई आन्दोलनमा जाऔं भनेका थिए । शाही सत्ताको विरोध त मैले पनि गरेको हो खुला रूपमै लेखेर । अरूले धेरै पछि गरे । बरु खाली ठाउँ राखे होलान् । मैले जान्न भने अनि सोधें, अहिले पो ६, ७ वटा पार्टीको एउटै झन्डा छ र झन्डामुनि जाउँला । भोलि दुइटामात्र झन्डा भयो भने कसको झन्डामुनि जान्छौं ? त्यसकारण पत्रकार महासंघले नेतृत्व लिन्छ केही इस्युमा भने म जान्छु । त्यहाँचाहिँ म जान्न भनें । तर प्रजातन्त्रको पुनःस्थापनाको पक्षमा त म थिएँ । राजाले शक्ति लिनु हुँदैन भनी मैले भनिराखेको कुरा हो । त्यसमा त द्विविधा थिएन । त्यसको नाममा हामीले गर्ने कामले दीर्घकालीन रूपमा असर पार्छ । प्रभावित पार्छ, त्यसकारण म गइनँ । असफल किनभने हामी राजनीतिक दलहरूको झन्डामुनि गयौं । झन्डामुनि गएपछि निस्कन गाह्रो हुन्छ ।

**● त्यतिबेला एउटा सन्दर्भ थियो, एक ढंगले मिसन थियो । त्यसपछि पनि सोही बाटोमा हिँडेको जस्तो लाग्छ ?**

पक्का । पत्रकार महासंघले आन्दोलन भइरहेका बेला गणतन्त्रको एजेन्डा पास गर्‍यो । तत्कालीन अध्यक्ष विष्णु निष्ठुरीसँग मेरो विवाद पनि भयो । महासंघमा राजनीतिक दलको छायाँ पर्नु हुँदैन । एजेन्डाहरूमा प्रस्ट हुनुपर्छ । त्यसको अर्थ दलकै पछि लाग्नुपर्छ भन्ने होइन ।

**● माघ १९ मा राजाको कू पछि नागरिक समाजको अगुवा पंक्तिमा भएकाले महासंघ चुप लागेर बस्न मिल्यो र ?**

हैन । माघ १९ पछि पनि नागरिक समाजको एउटा ठाउँ, महासंघको बेग्लै ठाउँ र राजनीतिक दलको बेग्लै ठाउँ हुन सक्थ्यो । तीन वटै मिलेर दबाबकारी भूमिका खेल्न सक्थे । पार्टीका नेताहरू, नागरिक समाजका नेताहरू त विदेश पनि गए नि त । कतिपय एजेन्डा बोकेर । तर पत्रकारहरू त गएनन् । यसको अर्थ हाम्रो नैतिक हैसियत ठूलो थियो । मिडियाबाट अपेक्षा पनि ठूलो थियो ।

**● तत्कालीन शाहीसेनाले समाचार कक्षमै गई सम्पादकको काम गरेपछि त्यसलाई रोक्न सडकमा आउनु बाध्यता थिएन र ?**

म त्यसबेला समय म्यागजिन निकाल्थें । सबै मिडियामा आर्मी आएको थियो । मैले उनीहरूलाई त्यस्तो परिस्थितिमा म पत्रिका निकाल्न सक्दिन भनें । तपाईंको र मेरो काम अर्कै हो । बरु ताला लगाइदिन्छु । पत्रिका निकालेपछि तपाईंलाई केही लाग्छ भने मलाई फोन गर्नुस् । नोटिस दिनुस् म जहाँ पनि आउँछु भनें । त्यसलाई उनीहरूले स्विकारे । अरू साथीहरूले त्यसलाई त्यो रूपमा चुनौती सामना गर्न सक्नुभएन । केही साथीहरूबाट वरिष्ठ अधिवक्ता गणेशराज शर्माकहाँ जाउँ सल्लाह गर्न भन्ने कुरा पनि आयो । म गणेशराजजीलाई असाध्यै सम्मान गर्छु । मलाई उहाँले माया गर्नुहुन्छ । तर म के लेख्ने, कसरी पत्रकारिता गर्ने भनेर वकिलकहाँ सोध्नचाहिँ जान्न । पत्रकारिता गर्दाखेरि समस्या आयो भने म वकिलकहाँ जान्छु भनें । त्यसो हुनाले मैले साथीहरूलाई के भनेको थिएँ भने पत्रकारिताका केही मूल्य मान्यता हुन्छन् । त्यसलाई मान्दा सजाय भोग्नुपर्छ भने तयार हुनुपर्छ ।

मैले भारतमा धेरै वर्ष पत्रकारिता गरें । यद्यपि संकटकालका बेला म थिइनँ । तर त्यतिबेलाका केही प्रसंगबाट म प्रभावित छु । संकटकालताका दयनीय अवस्थाका त्यहाँका पत्रिकाहरू मैले हेरेको छु । इन्डियन एक्सप्रेसले आलोचना गरेको थियो । त्यतिबेलाका सम्पादक अजित भट्टचार्यसँग मैले शाहीकालका बेला अन्तर्वार्ता गरेको थिएँ । समयमा छापिएको छ । त्यतिबेलाको कठोर अवस्थाबारे उनले सुनाएका थिए । कतिसम्म भने अजित त्यतिबेला सधैं लुंगी र कुर्ता ब्रिफकेसमा बोकेर कार्यालय जान्थे रे । कहिले पक्रेर लाने हो ठेगान नहुने भएपछि त्यस्तो गर्नुपरेको थियो रे । अप्ठ्यारो अवस्थामा जे पनि सामना गर्न तयार हुनुपर्छ भन्ने नै हो । नेपालमा पनि माघ १९ पछि 'समय' को सुरुमै हामीले अन्तर्राष्ट्रिय प्रतिक्रियादेखि लेख र सम्पादकीय आलोचना छाप्यौं । पहिलो इस्युमै मैले सम्पादकीय लेखेको थिएँ । शंकर पोखरेलको आलोचनात्मक लेख थियो । आश्चर्य के भने सेनाकै केही जर्नेलले बेग्लाबेग्लै भेट्दा चाहिँ तपाईंले राम्रो पत्रकारिता गर्नुभयो भनेर तारिफ पनि गरे । सेनालाई तर्क गरेर हामीले हाम्रो धर्म निभाउनुपर्थ्यो ।

**● अब मिडिया कसरी सच्चिएर अघि बढ्ने त ?**

केही कुराहरू छन् । जस्तै- पत्रकार भन्ने को हो ? त्यो परिभाषित हुनुपर्छ । त्यसमा धेरै कुरा जोडिएको छ । पेसाको मर्यादा जोडिएको छ । पेसाकर्मीको सुरक्षा, श्रमजीवीको तलब भत्ता जोडिएको छ । सरकारले तोकेको न्यूनतम सुविधाहरू पाइएन भन्ने हाम्रो माग हुन्छ । तर अर्कातिर एउटा परिवारले एउटा मिडिया चलाएका उदाहरण पनि छन् । एउटा अशिक्षित पति अध्यक्ष, पत्नी सम्पादक, तिनका छोरा सर्कुलेसन म्यानेजर, बुहारी मार्केटिङमा । अर्थात् फेमिली इन्टरप्राइजेजजस्तो गरेर पनि मिडिया चलाइएका छन् । त्यस्तो कम्पनीमा सरकारले सुविधा दिइरहेको छ । राज्यले दिने लोककल्याणकारी विज्ञापन तिनले पनि पाएका छन् । सुविधा आफूले राख्ने, काम गर्ने अन्य पत्रकार, कर्मचारीलाई नदिने चलन पनि छ । यस्तो चलन रोक्नुपर्छ । तलब सुविधा नियमित गर्न बाध्यात्मक गराउने र त्यसको तथ्यांक राख्ने काम हुनु जरुरी छ । त्यसका लागि पत्रकार को हो भनी छुट्याउनुपर्छ ।

पत्रकारिताको लाइसेन्स खारेज हुँदैन भन्ने कुराको कू व्याख्या भइरहेको छ । पत्रकारिताको लाइसेन्स लिएर पत्रकारिताविरुद्धको गतिविधिमा लाग्ने, गलत काम गर्नेले छुट पाइरहने भन्ने हुन्न । स्वतन्त्रता ब्लाकमेल गर्नका लागि होइन भन्ने बुझ्नु जरुरी छ । अर्को प्रेस काउन्सिल व्यावसायिक र अधिकारसम्पन्न हुनुपर्छ । गाली बेइज्जतीसम्बन्धी कानुन पनि प्रस्ट हुनुपर्छ । त्यसको पनि सीमा हुनुपर्छ ।

लोकतन्त्रमा नागरिकको इज्जत, मर्यादा र सुरक्षाभन्दा ठूलो कुरा केही हुँदैन । हामीले त्यसलाई बेवास्ता गरेका छौं । प्रेस काउन्सिलले केही पनि गर्न सकेको छैन । प्रभावकारी हुन सकेको छैन । बरु यस्ता मुद्दाको बेग्लै अदालतमा सुनुवाइ भए राम्रो हुन्छ । भ्रष्टाचारसम्बन्धी विशेष अदालत भनेजस्तै आचारसंहिता, गाली बेइज्जतीजस्ता कुराको पनि बेग्लै अदालत भयो भने राम्रो हुन्छ । भ्रष्टाचार, लागूऔषध, राज्यविरुद्धका अन्य अपराधका मुद्दाचाहिँ विशेष अदालतमा जाने अनि लोकतन्त्रमा सबैभन्दा ठूलो मानिने नागरिकका सुरक्षा र मर्यादाको कुराचाहिँ जान किन नहुने ? विशेषले गरेको फैसलाको अपिल सर्वोच्च अदालतमा मात्र लाग्छ । यो भयो भने ब्ल्याकमेल, पत्रकारिताको आवरण हुने ठगीका मामला, कालो धन्दा कम हुन्छ । अनि व्यावसायिक पत्रकारिता फस्टाउँछ ।

हामी पत्रकारमाथि धम्कीको कुरा गर्छौं । तर सञ्चारमाध्यममा कर्पोरेटको धम्कीको कुरा गर्दैनौं । सम्पादक र कर्पोरेट हाउसको सम्बन्ध के हो ? व्यावसायिक हो कि, नैतिक, अनैतिक के हो ? त्यो पनि हेर्नुपर्छ । कान्तिपुरमा म हुँदा केही अनुभवहरू छन् । राजाको जन्म दिन हुन्थ्यो । फोटो हेमराज ज्ञवालीलाई पठाउँथे । उनीहरूले मालिकको नोकर त हो नि सम्पादक भन्ने ठान्दारहेछन् । फेरि सञ्चालकहरू सधैंभरि कार्यालय बस्ने पनि होइनन् । छाप्ने, नछाप्ने त सम्पादकको काम हो । मैले यो कुरा उनीहरूलाई बुझाएँ । पछि सम्पादकलाई पठाउन थाले । सम्पादकलाई प्रकाशकले दबाब दिन खोज्छन् । त्यसलाई कसरी लिने र कन्भिन्स गर्ने भन्ने सम्पादकको कुरा हो । दबाब त आउँछ नै । कान्तिपुरमा म गएको एक हप्ताभित्रै मलाई सायद म यहाँ धेरै दिन बस्दिनँ कि जस्तो लागेको थियो । तर, त्यस्तो भएन । त्यतिबेलाका अध्यक्ष हेमराजजी कन्भिन्स हुँदै जानुभयो ।

सम्पादकको पनि दायित्व हुन्छ, व्यावसायिक विकास गर्नका लागि । सम्पादक व्यवस्थापन र समाचार कक्षबीचको पुल हो । बिक्रीवितरण र विज्ञापन बढेपछि लगानीकर्ताहरू अन्यत्र लगानी गर्न चाहन्छन् । त्यतिबेला पनि भयो । मैले उहाँहरूले गर्ने लगानीको विषयमा भनिनँ । पैसा भएको मान्छेले आफ्नो इच्छाअनुसार लगानी गर्छ । त्यसमा मैले रोक्ने कुरा भएन । तर यदि लगानी गर्नुहुन्छ भने ती लगानीहरूलाई प्रमोट गर्नका लागि मलाई र मैले काम गर्ने पत्रिकालाई प्रयोग गर्न नलगाउनुहोला । र, ती लगानीमा तपाईंहरूका प्रतिद्वन्द्वीहरूलाई ठीक गर्न पनि मलाई प्रयोग नगर्नुहोला भनेको थिएँ । त्यतिबेला मैले धेरै नीतिगत कुरा भनेको थिएँ । कतिपय कुरा व्यवहारमा लागू भए पनि ।

**● तपाईंका अनुभवसहितको पुस्तक आउला नि ?**

हेरौं ।

**● राज्यका सबै कुरा बिग्रेका, मिडियाले बनाइदिए हुन्थ्यो भन्ने जनअपेक्षा छ, होइन ?**

मिडियाको काम बनाउने पनि होइन । मिडियाले इस्युलाई उचित रूपमा बाहिर ल्याउने हो । मिडिया भनेको सूचनाको माध्यम हो । लोकतन्त्रमा ठूलो कुरा जनसहभागिता हो । सुसूचित जनताले निर्णय लिन्छन् । त्यसका लागि सहयोग पुऱ्याउने काम मिडियाको हो । सही सूचना बाहिर आएपछि सत्य र असत्यको निर्णय त जनताले गरिहाल्छन् । तर हामीले यहाँ यो भूमिका राम्रोसँग गर्न सकेका छैनौं । मिसन पत्रकारिताको नामले हामीले कुपत्रकारिता पनि गऱ्यौं । त्यसबाट हामीले सिक्न सक्छौं ।

**● मिडियामा अहिले भएको जनशक्ति र व्यवस्थापनबाट यो आशा गर्न सक्छौं त ?**

हो । त्यही भएर मैले पत्रकार को हो भन्ने छुट्याउनुपर्छ भनेको हो । अर्को एउटा राम्रो चाहिँ के छ भने स्कुलमा राम्रो नम्बर ल्याएर पढेका विद्यार्थीहरू पत्रकार बन्छु भनेर लागेका छन् । राम्रो मान्छे यसतर्फ लाग्दा भोलि सोहीअनुसार सेवा सुविधा पाएन भने निराशा हुन्छ । तिनीहरूलाई कसरी पेसामा राख्ने, पेसाको मर्यादा कसरी बढाउने भन्नेमा हामी केन्द्रित हुनुपर्छ ।

**● यसमा महासंघको भूमिका कस्तो हुनुपर्छ भन्ने लाग्छ ?**

पत्रकारिताको स्तरोन्नति बढाउन, सुरक्षित राख्न उचित वातावरण बनाउन, पेसाको मर्यादा बढाउन, सम्मानित रूपमा काम गर्न सक्ने अवस्थाका लागि हामीले काम गर्नुपर्छ । भौतिक सुरक्षामात्र होइन, व्यावसायिक सुरक्षा हुनुपर्छ ।

**● असुरक्षाकै कारण सेल्फ सेन्सरसिप बढ्दैछ नि ?**

सेल्फ सेन्सरसिपको कारण के हो, त्यो हेर्नुपर्छ । समाचार लेख्ने पत्रकारको स्वार्थ, पोस्ने पाल्नेको स्वार्थ, मालिकको स्वार्थ, सम्पादकको स्वार्थ । जब सम्पादक मालिकको नाफाको साधन बन्छ, त्यहाँ पनि सेन्सरसिप हुन्छ । सम्पादककै कमजोरी भएपछि अन्य पत्रकार पनि बिग्रन सक्छन् । अर्को हामी पत्रकार पनि बहुरूपी छौं । म पत्रकार पनि हो अर्को केही रूप पनि हो । अर्को रूपले पत्रकार हुन दिन्न । पत्रकार पनि हो, पार्टीको नेता पनि हो । गुप्तचर विभागको सदस्य पनि हो भने कहाँबाट स्वतन्त्र पत्रकारिता हुन्छ ? अर्को कुरा साँच्चै पत्रकारमाथि भय, त्रासको अवस्थासमेत छ । हामी हिंसाको राजनीति, हिंसाले वैधानिकता पाएको ठाउँमा छौं । मान्छेहरू आफू सुनिन, देखिनका लागि पनि पत्रकारमाथि आक्रमण गर्न थालेका छन् ।

**● एकातिर यस्तो कठिन अवस्था, अर्कोतिर मिडिया क्षेत्रमै लगानी बढेको छ, केले आकर्षण गरेको होला ?**

यसका कारण छन् । अहिले नेपालमा ३६ वटा टेलिभिजनले लाइसेन्स पाएका छन् । १३ वटा सञ्चालनमा छन् । ४ हजार पत्रिका छन् । ३ सयभन्दा बढी रेडियो छन् । यी सबैका लागि पर्याप्त बजार त छैन । तर यी लाइसेन्स पाएका टीभीका मान्छेहरूसँग पैसा छ । २, ३ करोड खर्चेर केही महिना पत्रकार, कर्मचारीलाई तलब दिन्छन् । त्यसपछि छैन । नभए पनि जागिर छाड्ने कुरा भएन । किनकि विकल्प हुँदैन । मालिकले भने त्यही बीचमा अर्को धन्दा गरेर करोडौं कमाएको हुन्छ र कानुनभन्दा माथिको हैसियत बनाएर बसेको हुन्छ । मिडियाको यही गलत राजनीतिले समस्या थुपारेको छ ।

**● यसको निदान के हुन सक्ला ?**

व्यावसायिकताको मापन गर्ने, गलत आचरण हेर्ने उचित निकाय हुनुपर्छ र तिनले काम गर्नुपर्छ । राज्यले सञ्चारमाध्यमलाई विज्ञापन दिएर प्रभावित गर्नु हुँदैन । ●



# चीन र नेपालको पत्रकारितालाई दाँजेर हेर्दा

■ दुर्गा भण्डारी

चीनको एउटा प्रान्तभन्दा पनि सानो हाम्रो देश नेपाल। भौतिक विकासको कुरा गर्दा पनि नेपालले चीनसँग कुनै तुलना हुँदैन। नेपालको विकासमा चीन सरकारबाट धेरै सहयोग प्राप्त भएको छ। अहिले चीनले आर्थिक विकास द्रुत गतिमा अघि बढाएको छ। विश्वकै अर्थतन्त्रमा प्रमुख स्थान ओगट्न सफल चीनले हरेक क्षेत्रमा आफूलाई एक नम्बरमा पुऱ्याउन अग्रसर छ। सञ्चार क्षेत्रमा पनि चीनले त्यतिकै विकास गरेको छ। अत्याधुनिक प्रविधिको प्रयोग र सुविधा सम्पन्न, मिडियाको सुदृढीकरण नै चिनियाँ मिडियाको सबल पक्ष हो।

१४ औं शताब्दीमा चिनियाँहरूले माटोको ब्लकबाट अक्षर लेख्न सुरुवात गरेको भन्ने भनाइ छ। यसरी हेर्दा पत्रकारिता क्षेत्रमा पनि चीन नेपालभन्दा अगाडि नै हो भन्न सकिन्छ। चीनमा पत्रकारहरूको संगठन चाइनिज योङ जर्नालिस्ट सोसाइटी सय वर्ष पुरानो भइसकेको छ। सन् १८९८ मा स्थापना भएको सोसाइटीपछि चिनियाँ कम्युनिस्ट पार्टीको मातहतमा अखिल चीन पत्रकार मञ्चको नामले बेइजिङमा सन् १९३७ मा स्थापना भयो। ६९ वर्ष पुरानो छ अखिल चीन पत्रकार मञ्च। चिनियाँ कम्युनिस्ट पार्टी र सरकारको बीचमा रहेर पुलको काम गरिरहेको छ। चीनमा पत्रकारितालाई  सरकारको सूचना दिने एउटा अंगका रूपमा मानिएको छ। पत्रकारहरूको संगठन मञ्च सरकारी सूचना दिने पत्रकारहरूको संगठन हो भन्दा फरक नपर्ला। पत्रकार मञ्चका सदस्यहरू सबै चिनियाँ कम्युनिस्ट पार्टीका सदस्य हुने गर्दछन्। चीनमा सबै सरकारी पदाधिकारी हुनका लागि पार्टीको सदस्य हुनैपर्ने प्रावधान रहेको छ। चीनमा पत्रकारहरूको अवस्था सरकारी जागिर खाएजस्तै हो। भौतिक रूपले सुविधा सम्पन्न पत्रकारलाई खास अभाव छैन। केवल एउटै कुरा पत्रकारले चीनमा गर्न पाउँदैनन्। त्यो हो, पत्रकारको हैसियतमा सूचना र अभिव्यक्ति स्वतन्त्रताको नाममा जथाभावी लेख्न र धम्क्याउन। पेसाको दुरुपयोग गर्न अनि पेसाको आडमा अन्य काम गर्न पनि पाउँदैनन्।

चीनको भन्दा नेपालमा पत्रकारहरूको अवस्थामा धेरै फरक पाइन्छ। आर्थिक रूपले विपन्न, भौतिक रूपले असुरक्षित, कथित स्वतन्त्रताको नाममा परतन्त्र र स्वनियमनको चपेटामा हामी परेका छौं। सरकार र राजनीतिक दलहरूको सहयोगमा मिडियामा हुनुहुँदैन भन्ने मान्यता रहे पनि अप्रत्यक्ष रूपमा राजनीतिक दल, व्यापारिक घरानियाँहरूले मिडिया चलाएको अवस्था छ। जतिसुकै ठूला घरानियाँले मिडिया चलाए पनि त्यहाँ काम गर्ने पत्रकारको अवस्था भने कहिल्यै सुधिएको छैन। द्वन्द्वबाट गुज्रिरहेको संक्रमणकालमै रुमलिइरहेको सानो मुलुक भए पनि यहाँ मिडियाको संख्या साना-ठूला गरेर लगभग छ हजार जति दर्ता गरिएका छन्। त्यसमा करिब तीन हजार मिडिया नियमित होलान्। मिडिया जति धेरै भए पनि पत्रकारको अवस्था र



lrlgof kqsf/sf ;fy g]kfnL kqsf/ 6f]nL

श्रमजीवी ऐन कार्यान्वयनको अवस्था उस्तै छ। पत्रकारप्रति राज्यको कुनै दायित्व नै छैन भनेझैं गरी सरकारले श्रमजीवी ऐन कार्यान्वयन गराउन उदासीनता देखाएको छ।

सिद्धान्ततः अभिव्यक्ति स्वतन्त्रताको चरम उपभोग गरे पनि नेपाली मिडियाले सत्यतथ्य उजागर गर्न पाइनरहेको अवस्था छ। सत्यतथ्य घटना समाचारका रूपमा प्रस्तुत गर्दा भौतिक आक्रमणको सिकार भएका घटनाहरू प्रसस्तै छन् हाम्रासामु। त्यसैगरी पत्रकारलाई मानसिक तनाव दिएका घटनाहरू त कहिल्यै बाहिर आउँदैनन्। यस्तो अवस्थामा हामीले प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको उपभोग गर्न पाएका छौं। हाम्रा मिडिया र पत्रकार स्वतन्त्र छन् भनेर गर्व गर्नु भ्रम छर्नु सिवाय केही होइन।

चीनका पत्रकारहरू सरकारले दिएको सूचना सम्प्रेषण गर्दछन्। कुनै ठाउँमा घटना भयो भने पत्रकारले व्यक्तिगत रूपमा सूचना संकलन गर्न जाँदैनन्। त्यसबारे जानकारी गराउने छुट्टै निकाय छ। यो हाम्रो काम होइन भन्छन् उनीहरू। चीनमा सबै इमेल र पत्रकार सम्मेलनमा गराइएका आधिकारिक सूचनाहरूमात्र सम्प्रेषण गरिन्छ। चिनियाँहरू सूचना दिने मामिलामा अलि अनुदार नै देखिन्छन्। उनीहरूको सूचना दिने प्रणाली एकद्वारे छ। सूचना जथाभावी जोसुकैसँग मागेर पाइँदैन। सम्बन्धित अधिकारीसमक्ष लिनुपर्ने हुन्छ र प्रायोजित पनि हुन्छ। बढी सूचना लिन्छु, चुहाइहाल्छु भनेर सोच्न पनि सकिन्न। तर हामीकहाँ जनतालाई सूचना दिने मामिलामा मात्र होइन विदेशीलाई समेत सूचना बेच्न हामी पत्रकारहरू तयार हुन्छौं। जतिसुकै गम्भीर प्रकृतिको र राष्ट्रघाती नै किन नहोस् आफ्नो स्वार्थका लागि सूचना लिक गरेको आरोप केही ठूला मिडियाका पत्रकारलाई लाग्ने गरेको छ।

चिनियाँ पत्रकारहरू राष्ट्रियता, राष्ट्रको सुरक्षा र विकासको मामिलामा धेरै नै सजग छन् र राष्ट्रप्रति घात गर्नेलाई राज्यको कानुनले कडा सजाय दिन्छ। उनीहरू राष्ट्रको स्वार्थभन्दा ठूलो आफ्नो स्वार्थ ठान्दैनन्। सामूहिक भावना र इमान्दारिता उनीहरूको संस्कारमै विकास भएको छ। उनीहरूमा बेइमानीको कुनै गुन्जाइस नै छैन। त्यही भएर चीन आज शक्तिसम्पन्न मुलुकमा दर्ज भएको छ।

नेपाली प्रेसले, प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको चरम उपभोग गर्न पाइरहेको छ। संयम अपनाउनुपर्ने कुरा पनि धेरै छ। समाचारका विषयवस्तुहरू कति तथ्यमा आधारित हुन्छन्? कति आधिकारिक हुन्छन् भन्ने कुराको पनि मनन् गर्नुपर्ने हुन्छ। हामीले उपभोग

गरेको प्रेस स्वतन्त्रता अभ्यासले निमुखाहरूलाई झन् कतै पीडा त दिइरहेको छैन ? हामीकहाँ सूचनाको अस्वस्थ प्रतिस्पर्धा र समाचार छिटो ब्रेक गर्ने होडबाजीले हाम्रो पत्रकारितालाई अविश्वसनीय बनाइरहेको हुन सक्छ ।

चीनमा पत्रकार र मिडियाहरू समृद्ध छन् । मिडिया ग्रुपले बिजनेस गर्न हुँदैन भन्ने मान्यता चीनले तोडेको छ । यहाँको रेडियो नेपाल र नेपाल टेलिभिजनजस्तै त्यहाँका चाइना रेडियो इन्टरनेसनल चाइना डेली, चाइना न्युज सर्भिस र क्षेत्रीय टेलिभिजनहरू छिडहाई टेलिभिजन रेडियो र सिचुवान डेली यसका केही उदाहरणहरूमात्र हुन् । बीसौं तला भएको सुविधासम्पन्न भवनमा अखिल चीन पत्रकार संघको कार्यालय छ । साना-साना गिफ्ट आइटमहरू डायरी, पेनलगायत संघ आफैंले उत्पादन गरेको छ । यो संघ सरकारी निर्देशन र रेखदेखमा चलेको छ । त्यसैगरी चाइना रेडियो इन्टरनेसनल पनि सबल मिडिया हो । सीआरआईको स्थापना सन् १९४१ मा भएको हो । सीआरआई विश्वव्यापी रूपमा प्रसारण हुने रेडियो हो । यसका संवाददाता ६० देशमा छन् । ४१ वटा भाषामा सीआरआईले समाचार सामग्रीहरू प्रसारण गरेको छ । सीआरआईले अहिले सीएनएनसँग प्रतिस्पर्धा गरिरहेको छ ।

त्यसैगरी यहाँको राष्ट्रिय समाचार समितिजस्तै चाइना न्युज सर्भिस छ । मुलुकभित्र र बाहिरका मिडियालाई आधिकारिक सूचना उपलब्ध गराउने सीएनएसको स्थापना सन् १९३८ मा भएको हो । फान चाङचेइङ र हुयुफिङ गुलिङ प्रथम अध्यक्ष रहेको सीएनएसका ब्युरोहरू विभिन्न देशमा रहेका छन् । ती देशहरू जापान, थाइल्यान्ड, मलेसिया, जर्मनी, फिलिपिन्स, अमेरिका, क्यानडा, ब्रिटेन, फ्रान्स, बेल्जियम, अस्ट्रेलिया, रसिया, ब्राजिल र साउथ अफ्रिका हुन् । फोटो, भिडियो टेक्स्ट वेबसाइट लेआउट र एसएमएसहरू आफ्नो अनलाइनमा राखेको छ । छिडहाई प्रान्तको सिनिङ सहरमा रहेको छिडहाई टेलिभिजन र छिडहाई रेडियो चीनको क्षेत्रीय मिडियाका रूपमा स्थापना भएको हो । स्थानीय हान र तिब्बती जातिलाई लक्षित गरी स्थापना गरिएको टेलिभिजन सन् १९४९ मा त्यहाँको स्थानीय र केन्द्रीय सरकारको सहयोगमा भएको हो । ७० प्रतिशत जति कार्यक्रमको लाइभ प्रसारण गरिन्छ । एक हजारभन्दा बढी पत्रकारले काम गर्ने छिडहाई टेलिभिजनमा आधाभन्दा बढी पत्रकार महिलाले काम गर्ने गर्छन् । पाँच वटा रेडियो र चार वटा टेलिभिजन अनि दुई वटा अनलाइन एकै थलोबाट सञ्चालन भएका छन् । छिडहाई ब्रोडकास्टिङ सेन्टरमा अधिकांश प्राविधिकहरू महिला छन् । चीनमा नेपालका महिला पत्रकारले जस्तो पारिवारिक सामाजिक समस्या झेल्नु पर्दैन ।

चीनको अर्को समृद्ध मिडिया हो सिचुवान दैनिक पत्रिका जसले अहिले ६० औं वार्षिकोत्सव मनाइरहेको छ । एउटा प्रान्तको पत्रिका त्यसका पाठकहरू ३० लाखभन्दा बढी रहेछन् । पत्रिका बेइजिङसम्म पुग्ने रहेछ । सिचुवान डेली पनि सरकारी लगानीको पत्रिका हो । पाँच हजारभन्दा बढी कर्मचारी संख्या रहेको सिचुवान डेलीको वार्षिक आम्दानी १ अर्ब युआन र सरकारलाई करमात्र वार्षिक ७ करोड तिर्ने रहेछ । यसबाट मिडिया कति आर्थिक रूपले सबल छ भन्ने आकलन गर्न सकिन्छ । सिचुवान डेली आफैंले होटल, आवास क्षेत्र र पर्यटनको क्षेत्रमा समेत लगानी गरेको छ

नेपाली पत्रकारिता जगत् अभावबाट गुज्रिरहेको अवस्था छ । न भौतिक सुरक्षा न सामाजिक सुरक्षा, सम्पादकीय स्वतन्त्रता र स्वनियमन नेपाली मिडियाको नियति बनेको छ । चिनियाँ मिडिया एउटा स्कुल अफ थटबाट चलेको छ भने नेपाली मिडिया अर्को स्कुल अफ थटबाट चलेको छ । नेपाली मिडियाका लागि नागरिक र राजनीतिक अधिकार प्राप्त छ भने चिनियाँ मिडियाँलाई आर्थिक स्वतन्त्रता बढी प्राप्त छ । जब आर्थिक रूपले सबल र सक्षम भइन्छ, त्यसपछि स्वतन्त्रताको गुन्जाइस रहन्छ । ●

# काभ्रेमा पत्रकारमाथि आक्रमण

काभ्रे- एकीकृत माओवादीका ३ शीर्ष नेता सहभागी भएका कार्यक्रमको समाचार संकलनका लागि गएका पत्रकारहरूमाथि माघ १६ गते वाईसीएल कार्यकर्ताले कुटपिट गरी गम्भीर घाइते बनाएका थिए । उनीहरूले पत्रकारमाथि भएको ज्यादतीको दृश्य खिच्ने पत्रकारहरूलाई समाचार र फोटो प्रकाशित गरे भौतिक कारबाही गर्ने धम्कीसमेत दिएका थिए ।

दैलेख घटनामा सरकारले गरेको हस्तक्षेपलगत्तै विरोध जनाउन काभ्रेका पत्रकारहरू सडकमा निस्केका थिए । त्यसक्रममा महासंघ काभ्रे शाखा सल्लाहकार भोला थापा, सचिव मोतीराम तिमिल्सिना, नेपाल समाचारपत्रका रामकृष्ण चापागाईं, स्थानीय ग्रेस एफएमका कृष्ण न्यौपाने, प्रकाश सुन्दास, कृष्णचन्द्र बन्जारा घाइते भए । घाइतेमध्ये कृष्ण न्यौपानेको अवस्था गम्भीर भई काठमाडौं र धुलिखेलमा उपचार भएको थियो ।

वाईसीएल कार्यकर्ताले कान्तिपुरका मनोज बस्नेत, उज्यालो एफएमका कपिल कोइराला र राजधानी दैनिकका केशवराज पौडेललाई भौतिक कारबाही गर्ने धम्की दिएका थिए ।

घटना र घाइतेहरूको अवस्था बुझ्न महासंघ अध्यक्ष शिव गाउँले, केन्द्रीय सदस्य बालकृष्ण बस्नेत र दिलीप थापामगरको टोली काभ्रे पुगेको थियो ।

महासंघले घटनाको निन्दा गर्दै दोषीमाथि कडा कारबाही गर्न र प्रेसमाथि त्रासदीपूर्ण ज्यादती बन्द गरी प्रेसको सम्मान गर्ने माओवादी नेतृत्वसमक्ष आग्रह गरेको थियो । ●



# सोसल मिडियाको प्रयोग

■ विनय गुरागाईं

सोसल मिडिया (सामाजिक सञ्चारमाध्यम) फेसबुक र ट्विटरको आंशिक उपयोग समाचार उत्पादन र वितरणमा समेत हुन थालेपछि हरेक समाचार कक्षसँग इन्टरनेटको साक्षात्कार हिजोआज रहर नभई बाध्यता भएको छ। नेपालमा पनि अधिकांश पत्रकारको पहुँचमा पुगेको छ सोसल मिडिया। तर किन यसको प्रयोग गर्ने त भन्ने कुराको बुझाई पत्रकारपिच्छे फरक छ। 'राम्रो पत्रकार हुनलाई सोसल मिडियाको प्रयोगकर्ता हुनु जरुरी छ,' पत्रकार/लेखक नारायण वाग्ले भन्छन्, 'खासगरी सोसल मिडियामार्फत तीन वटा काम गर्न सकिन्छ; अरूका कुरा सुन्न, समाचार आदानप्रदान गर्न, सम्बन्ध निर्माण र विस्तार गर्न।' पत्रकारको सोसल मिडिया आशक्तिप्रति व्यंग्य गर्दै हफिङटन पोस्टका वरिष्ठ सम्पादक क्रेइग केनलीले भनेका छन्, 'तपाईं आफूलाई पत्रकार भन्नुहुन्छ तर सोसल मिडिया विशेषगरी फेसबुक र ट्विटर चलाउनु हुन्न भने हिजोआज तपाईंलाई अर्कै ग्रहका प्राणीका रूपमा लिइन्छ।'

पत्रकारले किन प्रयोग गर्ने सोसल मिडिया ? काठमान्डु पोस्टका सम्पादक अखिलेश उपाध्यायका अनुसार सोसल मिडिया खासगरी ट्विटरले पत्रकारलाई समाचार थाहा दिनसमेत सहयोग गरेको छ। पत्रकारका लागि सोसल मिडिया हिजोआज जुन कुनै सवालमा छलफल गर्ने माध्यम बनेको छ। पहिले-पहिले कुनै विषयमा आम मानिसको धारणा बुझ्न सडकमा जानुपर्थ्यो। तर अहिले कार्यालयको आफ्नै डेस्कमा बसेर एउटा पत्रकारले जुन कुनै सवालमा आम मानिसको विचार बुझ्न सक्छ। सूचनाको विश्वसनीयता जाँच्नसमेत पत्रकारले सोसल मिडिया प्रयोग गर्छन्।

नेपाल पत्रकार महासंघले हालसालै प्रकाशित गरेको सोसल मिडिया सर्वेक्षण नतिजाअनुसार नेपालमा फेसबुक प्रयोग गर्ने पत्रकारहरू धेरै छन्, तर ट्विटर नेपाली पत्रकारको बीचमा कम लोकप्रिय छ। सर्वेक्षणका क्रममा समेटिएका मध्ये ८० प्रतिशत पत्रकारहरू हरेक दिन सोसल मिडिया प्रयोग गर्छन्। ६० प्रतिशतले नयाँ सूचना खोज्नलाई सोसल मिडियाको प्रयोग गर्छन्। नेपाल दूरसञ्चार प्राधिकरणका अनुसार नेपालमा अहिले झन्डै १९ प्रतिशत व्यक्तिको पहुँचमा इन्टरनेट पुगेको छ। तथापि त्यसमध्ये झन्डै ९० प्रतिशतले मोबाइलबाट इन्टरनेट प्रयोग गर्छन्। पत्रकारको हकमा भने महासंघको सर्भेले भन्छ, मोबाइलबाट इन्टरनेट प्रयोग गर्ने पत्रकार थोरै छन्। किन प्रयोग गर्छन् पत्रकारले सोसल मिडिया ? महासंघको सर्वेक्षणले भन्छ, 'धेरैजसो पत्रकारले व्यक्तिगत कुराकानी तथा सर्च इन्जिनका रूपमा सोसल मिडियालाई प्रयोग गर्छन्।'

बेलायतमा हालसालै प्रकाशित सोसल जर्नालिज्म स्टडी २०१२ को प्रतिवेदनअनुसार त्यहाँका २८ प्रतिशत पत्रकारहरूले आफूहरू सोसल मिडियामा पूर्ण रूपमा भर परेको बताएका छन्। उनीहरू भन्छन्, 'सोसल मिडिया छैन भने हामी त काम गर्न सक्दैनौं।' ती पत्रकारहरूका अनुसार सोसल मिडियाको उपयोगले उनीहरूको कार्यक्षमता बढाएको छ। बेलायतका ८० प्रतिशत पत्रकारले सोसल नेटवर्किङ साइट ट्विटर प्रयोग गर्छन्। तर नेपाली पत्रकारबीचमा त्यति लोकप्रिय छैन ट्विटर। हालसालै इक्वल एक्सेस नेपाल र यूएनडीपीले सोसल मिडिया प्रयोग र उपयोगिता विषयमा देशभरिका १५० जना पत्रकारसँग गरेको छलफलका सहभागीमध्ये शतप्रतिशतसँग उनीहरूको व्यक्तिगत फेसबुक एकाउन्ट थियो भने झन्डै एकतिहाइले तालिमकै

अवधिमा ट्विटरको प्रयोग गर्न सिकेका थिए ।

पत्रकारलाई सोसल मिडियाले के फाइदा गर्छ ? वाल स्ट्रिट जर्नलका सोसल मिडिया निर्देशक लिज हेरोनले भनेका छन्, 'सोसल मिडियाले कुनै समाचार वा तथ्यलाई मात्र प्रकाशित गर्नमात्र सघाउँदैन, विश्लेषणात्मक लेख तथा अनुसन्धानमूलक रूपमा तथ्य तथ्यांक केलाउनलाई सघाउँछ जुन काम एउटा पत्रकारले सोसल मिडियामार्फत गर्न सक्छ ।' साथै कुनै विषयमा अनुसन्धान, नयाँ सवाल पहिचान, मिडिया उपभोक्तामाथि पहुँच र नियमित अन्तरक्रिया गर्नलाई सजिलो बनाइदिएको छ सोसल मिडियाले । पत्रकारहरूका लागि कुनै विशेष समाचारको लिंक सेयर गर्न, मिडियाप्रति सर्वसाधारणको धारणा बुझ्न, विषय विज्ञहरूसँग सम्बन्ध स्थापित गर्न तथा विषयगत स्रोत सामग्रीमाथि सहज पहुँच र उपलब्धताका लागि सहयोगी बनेको छ सोसल मिडिया । समाचार खोज्न तपाईं पहिले माइक वा क्यामेरा बोकेर सडकमा जानुहुन्थ्यो तर अहिले समाचार कक्ष नछोडी आम मानिसको धारणा बुझ्न सकिन्छ

सञ्चार गृहको सोसल मिडिया सहजीकरण नीतिको अभावले नेपालमात्र हैन संसारमै पनि पत्रकारमा अन्योल कायम छ । सोसल मिडियाको उपयोग कसरी गर्ने ? आम नागरिकले चिनिसकेको वा चिन्ने नामबाट सोसल मिडिया प्रयोग गर्दा कुन सूचना व्यक्तिगत हो, कुन सञ्चार गृहले समाचारका रूपमा दिन मिल्ने हो ? यस्तै अस्पष्टताका कारण केही वर्ष पहिले सीएनएनले आफ्ना मध्यपूर्व वरिष्ठ सम्पादक अक्टिभिया नास्रलाई निलम्बन गऱ्यो । अन्तर्राष्ट्रिय सञ्चार गृह सीएनएन आर्थिक विभागका सोसल मिडिया सम्पादक निकिता पटेल सोसल मिडियाको लोकप्रियताले समाचार बन्ने साधारण प्रक्रियालाई समेत परिवर्तन गरेको स्विकार्दै भन्छिन्, 'दुई वर्ष अघिसम्म पत्रकारले सोसल मिडिया प्रयोग गर्दा आफ्ना विचार राख्न पाइँदैनथ्यो तर अहिले समय परिवर्तन भयो, हामी पनि मान्छे हौं, आम मान्छेकै जस्तै कुनै सवालमा प्रतिक्रिया राख्न आफ्ना विचार राख्नलाई सोसल मिडिया प्रयोग गर्छौं । हरेक समाचार कक्षमा वाईफाई जडित हुन्छन् । विचार संकलन तथा प्रवाह दुवैका लागि पत्रकारले स्विकारिसकेको छिटो र सस्तो माध्यम पनि हो सोसल मिडिया ।'


जनगणना २०६८ अनुसार नेपालमा अहिले साढे तीन प्रतिशत नेपालीका घरमा इन्टरनेटको पहुँच छ । नेपाल दूरसञ्चार प्राधिकरणका अनुसार पौने २ करोड जनसंख्यासँग फोन सुविधा छ । मोबाइल




सेटमै सहज रूपमा इन्टरनेट कनेक्सनको सुविधा हुने र मोबाइलमा इन्टरनेट चलाउने प्रायः ले सोसल मिडिया साइटहरू नै चलाउने हुनाले पनि यसको लोकप्रियता ह्वात्तै बढेको छ । यही सेरोफेरोमा हिजोआज एउटा बहस पनि चलेको छ, सोसल मिडिया परम्परागत माध्यमको विकल्प बन्न लागेको हो त ? नेपाल पत्रकार महासंघका अध्यक्ष शिव गाउँले आलोचनात्मक शैलीमा भन्छन्, 'सोसल मिडिया रेडियो, छापा तथा टेलिभिजनको विकल्प बन्न सक्दैन, बन्न सक्छ भन्ने कोही छ, स्वस्थ बहसका लागि मेरो चुनौती छ ।' पत्रकार नारायण वाग्लेको विचारमा सोसल मिडिया परम्परागत मिडियाको विकल्प बन्न सक्दैन तर विषयवस्तुको गहिराइमा पुगेर समाचार दिने, अनुसन्धानात्मक खोजमूलक सामग्रीको उत्पादनका लागि पत्रकारलाई ऊर्जा भने दिन्छ ।

सोसल मिडियाले समाचारको निर्माण, प्रस्तुति तथा उपभोगको तरिकामा नै फेरबदल गरिदिएको छ । उपभोक्ताले समाचार खोज्नुपर्दैन, समाचारले उपभोक्ता खोज्ने प्रवृत्ति बढेको छ । तर सँगसँगै चुनौती पनि थपिएको छ, सोसल मिडिया प्रयोगकर्तामार्फत परम्परागत मिडियामाथि अनावश्यक औंला ठड्याउने क्रम बढेको छ । नागरिक दैनिकका पत्रकारमाथि शिवसेना नेपालले गरेको आक्रमणको घटना उदाहरणका रूपमा लिन सकिन्छ । आमसञ्चार गतिविधिको स्वस्थ आलोचना स्वीकार्य भए पनि सोसल मिडियामार्फत पत्रकारितामाथि अनावश्यक आक्रमण भइरहेको कुरा काठमाडौं पोस्टका सम्पादक अखिलेश उपाध्यायले बताएका छन् । उपाध्यायको विचारमा सोसल मिडियाले पत्रकारलाई फाइदा पुग्छ भन्ने थाहा हुँदाहुँदै पनि पत्रकारहरू पाठकसँग अन्तरक्रिया गर्न हिचकिचाउने कारण हो उनीहरूले सहनुपर्ने अनावश्यक लाञ्छना ।

एकातिर पत्रकार तथा आमसञ्चार माध्यमहरू उपभोक्ताको अनावश्यक औंला ठडाईले हच्किएका छन् भने आवश्यक ठाउँमा पनि पाठकलाई सम्बोधन गर्न नचाहने पत्रकार तथा सञ्चार गृहको अटेरीपनले सोसल मिडियामार्फत बलियो बनाउन सकिने नागरिक मिडिया अन्तरसम्बन्धको सम्भावना र विश्वास संकटमा पर्ने खतरा पनि छ । उज्यालो ९० नेटवर्कका पत्रकार सुनिल न्यौपाने भन्छन्, 'हामीले उपभोक्ताका सबै कुरा सुन्नुपर्ने त हो तर कहिलेकाहीं सोसल मिडियामार्फत सम्बोधन नै नगर्दा हुने विषय पनि आउँछन् तर सम्बोधन गर्नुपर्ने विषयलाई चाहिँ तत्कालै समाधान गऱ्यो भने पत्रकारलाई मात्र हैन सिंगो मिडिया हाउसलाई नै फाइदा पुग्छ ।' उनका अनुसार सोसल मिडियामार्फत पत्रकारले आफ्नो र आफू कार्यरत मिडियाको निःशुल्क विज्ञापन गर्दा हुने फाइदालाई चानचुने फाइदा हुँदै होइन । ●



# कार्यक्षेत्रमा पत्रकार महिला

■ जमुना वर्षा शर्मा

अहिले सञ्चारमा समान पहुँचको आवाज उठिरहेको छ । यसले भौगोलिक मात्र नभई लैङ्गिक अवस्थालाई पनि दर्शाउँछ । समान पहुँचको प्रसङ्ग आउँदा सञ्चारवाहकमा यो शब्द बिरानोजस्तो लागिरहेको छ । शताब्दी पार गरेको नेपाली पत्रकारितामा महिलाका लागि अझै पनि बामे सराइको अवस्था छ ।

नेपाली पत्रकारिताले आजको दिनमा जुन फड्को मारेको छ, यसमा महिला पत्रकार एवं सञ्चारकर्मीको प्रत्यक्ष र परोक्ष संलग्नता रहँदै आएको छ । यसमा महिला पत्रकारहरूको भूमिका गौण छ भन्नु न्यायोचित हुँदैन । पत्रकारितामा चुनौती, जोखिम भए पनि अवसर र क्षमतामा महिलाहरू पछि परिरहेको यथार्थताले बुझाउँछ ।

नेपालको इतिहासमा सुधा सागरपछि आजसम्म आइपुग्दा केही परिमार्जित र परिस्कृत रूपले निरन्तरता पाएको पत्रिका गोर्खापत्र (१९५८) हो । यसरी हेर्ने हो भने नेपाली प्रेसले एक शताब्दी पार गरेको छ । यद्यपि आजसम्म आइपुग्दा नेपाली मिडियाले धेरै फड्को मारिसकेको छ । समयसँगै एफएम रेडियो, टेलिभिजन, अखबार, अनलाइन पत्रकारिताप्रतिको झुकाव र लगाब बढिरहेको छ । व्यावसायिक रूपमा भने २०४६ पछिको परिवर्तनले केही गति लिन थालेको पाइए पनि अझै सन्तोषजनक अवस्थामा यो पेसा फस्टाउन सकेको छैन । बदलिँदो युगसँगै समाजलाई सुसूचित गराउने पहरेदारका रूपमा रहेका पत्रकारहरू लोकतान्त्रिक गणतन्त्रको स्थापनापछि अझ बढी सशक्त रूपमा यस क्षेत्रमा क्रियाशील हुन थालेका छन् । यो सँगसँगै सञ्चारमाध्यम खोल्ने क्रम पनि बढिरहेको छ । सञ्चारमाध्यमको विकास र विस्तारसँगै पत्रकारहरू यस क्षेत्रप्रति आकर्षित भएको देखिन्छ । एक असल पत्रकार हुन थुप्रै चुनौती सामना गर्नुपर्ने हुन्छ । यो पेसा आफैँमा चुनौतीपूर्ण पेसा हो । एक निडर, निर्भीक र भयरहित रूपमा समाजलाई सुसूचित पार्ने पहरेदारका रूपमा खटिने पत्रकार सधैं कोही न कोहीबाट तारो बनिरहेको हुन्छ । यो अवस्थामा पत्रकारले आफ्नो मृत्यु बिर्सेर व्यावसायिक धर्म निभाइरहेको हुन्छ । प्रेस स्वतन्त्रताका कुरा ओठे भाषणमा सीमित हुँदा पत्रकारको सुरक्षा हुन सकेको छैन । तर कतिपय अवस्थामा पत्रकार स्वयंले पालन गर्नुपर्ने आचारसंहिता उल्लंघन गर्दा यस क्षेत्रमा हिलो छ्याप्ने कामसमेत भएको छ । केही फरक पाटोहरू छन् पत्रकारिता पेसा र अन्य पेसामा । यो पेसा १० देखि ५ बजेको जागिरमा मात्र सीमित हुँदैन । इष्टमित्र र आफन्तभित्र बाँधिएर रहन पनि सक्दैन । यस पेसामा स्थापित हुनेहरूले कुनै न कुनै रूपबाट आफ्नो व्यक्तिगत जीवनका केही पाटोहरूलाई तिलाञ्जली दिन सक्नुपर्दछ । त्यसैले कतिले यसलाई पेसाका रूपमा लिन चाहँदैन् अनि भन्ने गर्छन्- “यस क्षेत्रमा म सौखले लागेको हुँ ।” कहिलेकाहीँ यसरी सौख पाल्नेहरूले यस क्षेत्रलाई बदनाम पनि गराइरहेका हुन्छन् । किनकि उनीहरूको पेसा अर्कै हुन्छ । अनि इमानदार पत्रकारमाथि औंला तेर्स्याइन्छ ।

यी साझा चुनौती र आफ्नै चुनौतीमा महिला पत्रकारहरू पिल्सिएका छन् । यस्तो एउटा जटिल पृष्ठभूमि रहेको क्षेत्रमा महिला पत्रकारहरूलाई व्यावसायिक रूपमा स्थापित हुन खोज्नु पक्कै पनि सजिलो कुरा होइन । अवसरका हिसाबले राजधानीका केही पत्रकार महिलाहरू पत्रकारितामा स्थापित भए पनि मोफसलमा भने अझै यो

व्यावसायिक बन्न सकेको पाइँदैन । एकाधबाहेक धेरैजसो महिलाहरूले यस क्षेत्रलाई सौखका रूपमा नै लिने गरेको देखिन्छ । छापा माध्यममा अझै पनि पत्रकार महिलाहरूको खडेरी नै छ भने एफएम रेडियोमा भने महिला सञ्चारकर्मीहरूको रुचि बढी नै देखिन्छ । पत्रकार महासंघ कास्कीको तथ्यांकमा ४० जना महिला सदस्य छन् । पोखरा उपत्यकाको सन्दर्भमा अहिले १३ वटा दैनिक ५ वटा साप्ताहिक र २ वटा पाक्षिक पत्रिका नियमित प्रकाशनमा छन् । दुई वटा रिले प्रसारणसहित १६ वटा एफएम रेडियोहरू छन् । दुई वटा केबुल टेलिभिजन रहेका छन् । तर पत्रकार महिलाहरू एफएम रेडियोमा नै बढी सीमित छन् । त्यो पनि पार्टटाइमका रूपमा बढी देखिन्छन् । श्रमजीवी पत्रकार ऐन कार्यान्वयन नहुँदा पनि यस क्षेत्रले व्यावसायिक छलाङ मार्न सकिरहेको छैन । झन् महिलाहरूलाई यस क्षेत्रमा स्थापित हुनु भनेको ठूलै संघर्षको कडी मानिन्छ । सामाजिक न्यायिक दृष्टिकोणको अभाव रहेको हाम्रो समाजमा अझै पनि महिलालाई घर बाहिर स्वतन्त्र रूपले काम गर्ने वातावरण बनिसकेको छैन । पुरातनवादी सोचलाई चिर्दै आफूलाई यस क्षेत्रमा स्थापित गर्न महिलाहरू अभ्यस्त देखिन्छन् ।

तर चुनौती महिला पत्रकारलाई नै बढी छ । जुन उत्साह र उमंग लिएर यस क्षेत्रमा उनीहरू प्रवेश गर्छन् तर त्यो लामो समय टिक्न पाउँदैन । विस्तारै वैकल्पिक पेसा वा अन्य कारणले यसबाट पलायन हुन थाल्दछन् । अधिकांश पत्रकार महिलाहरू वैवाहिक जीवनपछि यो क्षेत्रमा देखिँदैनन् । अरू पेसामा विवाहपछि पनि निरन्तरता दिएको पाइन्छ । जस्तै- शिक्षण, बैंकिङ क्षेत्र आदि । तर पत्रकारितामा भने त्यस्तो देखिएको पाइँदैन । समयको पावन्दी नहुनु र हरहमेसा खटिनुपर्ने, रिपोर्टिङका क्रममा जहाँ पनि पुग्नुपर्ने तर मिहिनेतअनुसारको आकर्षक पारिश्रमिक पनि नपाउने हुँदा महिलाहरूले यो पेसालाई व्यावसायिक रूपमा अँगाल्न सकेको पाइँदैन । त्यसो त महिला पत्रकारहरू पनि सजिलै जोखिम मोल्न खोजेको देखिँदैन । सजिलो र सहज मात्रै खोज्ने प्रवृत्तिले गर्दा कार्यक्षमता बढ्न सकेको छैन । कार्यक्षमताको अभावमा अवसर पाए पनि क्षमता देखाउन नसकी बाहिरिनुपर्ने अवस्था सिर्जना भएको पाइन्छ । राजधानीमा रेकर्डर, बुम, भिडियो क्यामेरा बोकेर हिँड्ने महिला पत्रकारका पनि आफ्नै समस्या छन् । विकट क्षेत्रका कलम र डायरी बोक्ने महिलाको अवस्था पनि उस्तै छ ।

पत्रकारिता आफैँमा खोज र अनुसन्धानको पाटो हो । सामाजिक संरचनामा पनि पत्रकारिताको भूमिका महत्वपूर्ण हुन्छ । यस्ता कार्यमा एकाधबाहेक महिला पत्रकारले सजिलै कलम चलाएको पाइँदैन । केही आत्मविश्वासी र कर्मठ महिला पत्रकारबाहेक धेरैमा पत्रकारिताका चुनौतीलाई सामना गर्ने इच्छा शक्तिको अभाव देखिएको छ । जसले गर्दा अवसर पाए पनि पुरुषसरह समान हैसियत देखाउन गाह्रो हुने गरेको छ । अर्कातर्फ मिडिया हाउस पनि महिलामैत्री बन्न सकेको पाइँदैन । मिडियाहरूले महिलाका जैविक समस्यालाई नै ठूलो समस्या बनाएर पछाडि हट्ने गरेका छन् । व्यक्तिगत सुरक्षादेखि आर्थिक सुरक्षाका हिसाबले व्यावसायिक महिलाहरू यस पेसाप्रति आकर्षित हुन सकेका छैनन् । ●

# शिक्षा पत्रकारिता पुरस्कार वितरण

काठमाडौँ- शिक्षा विभाग र नेपाल पत्रकार महासंघले पुस ११ गते बुधबार शिक्षाको विषयवस्तुमा नियमित रिपोर्टिङ गर्ने पत्रकारहरूलाई शिक्षा पत्रकारिता पुरस्कार र फेलोसिप प्रदान गऱ्यो । सूचना विभागको सभाहलमा आयोजित कार्यक्रममा शिक्षा मन्त्रालय, शिक्षा विभाग, नेपाल पत्रकार महासंघका केन्द्रीय पदाधिकारी, शाखाका पदाधिकारीसहितको उपस्थिति रहेको थियो ।

यसपटक 'राष्ट्रिय शिक्षा पत्रकारिता पुरस्कार- २०६८' कान्तिपुर संवाददाता गणेश राई र नेपाल समाचारपत्रका संवाददाता ईश्वरराज ढकाललाई संयुक्त रूपमा प्रदान गरिएको थियो । शिक्षामन्त्री दीनानाथ शर्माले उक्त पुरस्कार प्रदान गरेका हुन् ।

त्यस्तै संस्थागत शिक्षा पत्रकारिता पुरस्कार कान्तिपुर राष्ट्रिय दैनिकलाई प्रदान गरिएको छ । पुरस्कार राशि ४० हजार रुपैयाँ छ । यसैगरी टेलिभिजनतर्फ ४० हजार रुपैयाँको संस्थागत शिक्षा पत्रकारिता पुरस्कार एभिन्युज टेलिभिजन र एबीसी टेलिभिजनलाई संयुक्त रूपमा प्रदान गरिएको छ ।

रेडियोतर्फ संस्थागत शिक्षा पत्रकारिता पुरस्कार कैलालीको खप्तड एफएम, बाँकेको रेडियो कृष्णसार, रूपन्देहीको रेडियो लुम्बिनी, रेडियो धादिङ, राजधानीको क्यापिटल एफएम र सुनसरीको सप्तकोसी एफएमलाई प्रदान गरिएको छ । प्रत्येक एफएमलाई प्रदान गरिएको पुरस्कार राशि २० हजार रुपैयाँ छ ।

त्यस्तै क्षेत्रीय शिक्षा पत्रकारिता पुरस्कार मनोज श्रेष्ठ (पूर्वाञ्चल), भूषण यादव ( मध्यमाञ्चल), शेषकान्त पण्डित र प्रमोद आयाम (उपत्यका), शेरबहादुर केसी ( पश्चिमाञ्चल), दाङका दुर्गालाल केसी (मध्यपश्चिमाञ्चल), पुष्पराज जोशी ( सुदूरपश्चिमाञ्चल) लाई प्रदान गरिएको छ । पुरस्कारको राशि जनही २५ हजार रुपैयाँ छ ।

शिक्षालाई बिट बनाई पत्रकारिता गर्दै गरेका पत्रकारहरूलाई १५ हजार रुपैयाँ राशिको शिक्षा लेखनवृत्ति प्रदान गरिएको छ । लेखनवृत्ति प्राप्त गर्नेमा शंकर आचार्य (पर्सा) र अमृता अनमोल (रूपन्देही), शम्भु कट्टेल, बुद्धवीर बाहिङ राई, गोविन्द लामिछाने, ध्रुव अधिकारी, सूर्य पाण्डे, रुद्र पंगेनी, मदन वाग्ले, गोविन्द शर्मा, लक्ष्मी भण्डारी, अविनाश चौधरी र तेजराज भट्ट छन् । ●



# पत्रकारबीच वर्ग विभेद

■ सुशील पन्त

जनआन्दोलनका बलमा प्रतिनिधिसभा पुनःस्थापना भएपछि संसद्को रिपोर्टिङ गर्न गएका नयाँ पत्रकारलाई संसद् सचिवालयका कर्मचारीले 'प्रवेश पास' दिन मानेनन् । संसद्मा पहिलेदेखि रिपोर्टिङ गरेका पत्रकारले 'एफएम' का पत्रकारलाई प्रवेश पास दिनुपर्दैन भनेर भनेपछि त्यस्तो अवस्था आएको हो । पुराना पत्रकारको सिन्डिकेटका कारण नयाँ पत्रकारले प्रवेश पास नपाएपछि केही पत्रकारले आन्दोलन गर्नुपर्‍यो । नेपाल पत्रकार महासंघका तत्कालीन सभापति विष्णु निष्ठुरीसमेतको उपस्थितिमा वार्ता भएपछि एफएम रेडियोका पत्रकारले मिडिया सेन्टरसम्मको प्रवेश पाउने व्यवस्था भएको थियो । अहिले राष्ट्रिय सञ्चारमाध्यममा स्थापित जयराम गौतम, फणीन्द्र दाहाल, कमल परियार, शशि कोइराला र यो पंक्तिकारसमेत पुराना पत्रकारको सिन्डिकेटका कारण आन्दोलित बन्नुपरेको थियो । ग्यालरी बैठकमा पत्रकार कक्ष खाली भए पनि 'पत्रकार सिन्डिकेट' का कारण एफएम रेडियोका पत्रकारलाई भित्र प्रवेश दिइएन । लामो समयसम्मको संघर्षपछि रेडियो र अनलाइनका पत्रकारहरूले समेत ग्यालरी बैठकको प्रवेश पाउन सफल भएका छन् । रेडियो, साप्ताहिक पत्रिका र अनलाइन सञ्चारमाध्यमका पत्रकारले अहिले सहज र सम्मानजनक रूपले रिपोर्टिङको प्रवेश पाउन ठूलै संघर्ष गर्नुपरेको थियो ।

कम्युनिस्ट दर्शनमा जस्तै नेपाली पत्रकारहरूमा समेत वर्ग विभेद गहिरो बन्दै गएको छ । कार्ल मार्क्सले प्रतिपादन गरेको 'पुँजी' मा जस्तो कुनै पनि समाजमा एउटा शोषक र अर्को शोषित वर्ग हुन्छन् भन्ने सिद्धान्त हुबहु लागू नभए पनि पत्रकारितामा समेत आंशिक वर्ग विभेद सुरु भएको छ । चाहे त्यो मालिक-मजदुर सम्बन्ध होस् या मजदुर-मजदुर सम्बन्धमा । आर्थिक रूपले पत्रकारको हैसियतमा त्यत्रो भिन्नता नभए पनि अखबारमा काम गर्ने पत्रकारले टेलिभिजन वा रेडियोमा काम गर्ने पत्रकारलाई दोस्रो वा तेस्रो दर्जाको पत्रकारको व्यवहार गर्ने संस्कार बढेको छ । संविधानसभामा प्रत्यक्ष निर्वाचित सभासदले समानुपातिक सभासदलाई गर्ने व्यवहार अखबारका पत्रकारले टिभी, रेडियो र टिभीकाले रेडियो र साप्ताहिकका लागि गर्ने गरेका छन् । अखबारका पत्रकारले आफूलाई एजेन्डा सेट गर्ने अब्बल दर्जाको पत्रकार भएको दम्भ र घमण्ड ठान्ने गर्छन् । हुटिट्याउँलाई आकाश थामेको भ्रम परेझैं अखबारमा काम गर्ने कतियप पत्रकारलाई राज्य सञ्चालनको एजेन्डा नै आफूहरूले सेटिङ गरिदिएको भ्रम छ । नाम चलेको राष्ट्रिय अखबारबाट निष्कासित भएका एक जना चर्चित पत्रकारले पछि पश्चाताप गरेका थिए- ठूलो मिडियामा काम गरेको अहंताले विगतमा साना सञ्चारमाध्यममा काम गर्ने पत्रकारलाई गनिएन, दुःख परेको समयमा तिनै साना भनिएका सञ्चारमाध्यमको साथ जरुरी पर्दोरहेछ ।' यो समस्या राजधानीमा मात्र होइन, मोफसलमा पनि झाङ्गिएको छ । ठूलो माछाले सानो माछालाई खाने परम्परा पत्रकारिता क्षेत्रमा व्याप्त छ, पुराना पत्रकारको सिन्डिकेटको मार मोफसलमा संघर्ष गरिरहेका बताउँछन् । भैरहवाबाट राजधानी दैनिकमा रिपोर्टिङ गर्ने पत्रकार श्यामसुन्दर पाण्डे समाचारका स्रोत

भएका ठाउँमा पुराना पत्रकारले नयाँलाई समाचार नदिनु भन्दै हिँड्ने गरेका कारण आफूहरू समस्यामा परेको बताउँछन् । मोफसलमा प्रभावशाली मिडियामा काम गर्ने पत्रकारले सूचनामा एकाधिकारका लागि साना मिडियालाई सूचना नदिन सरकारी अधिकारीलाई प्रभावमा पार्ने संस्कार बढ्दैछ ।

नेपाल पत्रकार महासंघले समेत पत्रकारबीच वर्ग विभेदको सिर्जना गरेको पाइन्छ । कुनै अखबारमा कार्यरत पत्रकारलाई सामान्य धम्की दिँदासमेत पत्रकार महासंघ आन्दोलित हुन्छ, तर सानो मिडियामा कार्यरत पत्रकारलाई आक्रमण हुँदा 'तयारी अवस्थामा राखिएको' विज्ञप्ति जारी गर्नेबाहेक केही गर्दैन । एउटा दैनिक पत्रिकाका जिल्ला संवाददातालाई एमाले भ्रातृ संगठनले धम्की दिएको विषयलाई लिएर आन्दोलित बनेको महासंघ एफएम रेडियो वा साप्ताहिक पत्रिकाका पत्रकार कुटिँदा आन्दोलित बन्दैन । एफएम रेडियोलगायत साना सञ्चारमाध्यममा कार्यरत पत्रकारलाई महासंघले केवल भोट बैंकका रूपमा प्रयोग गरेको छ । पत्रकार महासंघको गत अधिवेशनको बन्दसत्रमा उज्यालो नेटवर्कका पत्रकार रोशन पुरीले महासंघले दिने पुरस्कारबाट कति रेडियो पत्रकार लाभान्वित बने भनेर प्रश्न गर्नुभएको थियो । उहाँको भनाइ हामीले पुरस्कार पाएनौं भन्ने आशयबाट आएको थिएन, संस्थागत रूपमा रेडियोका पत्रकारले पाउनुपर्ने अधिकारको विषय थियो ।

पत्रकारले मात्र होइन राज्यले समेत एफएम रेडियो वा अनलाइन मिडियामा काम गर्ने पत्रकारलाई मूलधारको मान्न सकेको छैन । राज्यका लागि सञ्चारमाध्यम सधैं प्रतिपक्षको जस्तो व्यवहार गरेको हुन्छ । 'सूचना पाउने जनताको अधिकार' भन्ने मान्यता स्थापित भइसके पनि राज्यका निकाय जनतालाई सबैभन्दा छिटो छरितो सूचना दिने एफएम रेडियो र अनलाइन मिडियाका पत्रकारलाई 'रिककनाइज' गरेको छैन । देशभरका जनतालाई सूचना दिने सहज र देशव्यापी पहुँच भए पनि राज्यका निकाय एफएम रेडियोका पत्रकारलाई पहिचान स्वीकार गरेको छैन । अखबारको पहुँच सुगम जिल्लाका सदरमुकाममा सीमित रहेको तथा बहुसंख्यक नागरिकको घरमा विद्युत् पुगिनसकेका कारण एफएम रेडियो ग्रामीण क्षेत्रका जनताको सूचनाको पर्याय बनेको छ । यद्यपि राजनीतिक दल वा नीति निर्माताले सो कुरा मनन गर्दैनन् । राज्यले दिने सम्मान, पुरस्कार वा विदेश भ्रमणमा एफएम रेडियोमा कार्यरत पत्रकारलाई लगभग बन्देज लगाइएको अवस्था छ । कोही व्यक्तिगत पहुँच वा राजनीतिक दलको सिफारिसमा या कोटामा प्रधानमन्त्रीसँग विदेश भ्रमणमा गए पनि ४० औं जना पत्रकारको लिस्टमा एक जना रेडियोका पत्रकार अट्दैनन् । सुविधा होइन सूचना दिन पनि सरकारी निकायले आनाकानी गरेको अनुभव छ, अनलाइन हरेकपल डटकम नामक न्युज पोर्टलका पत्रकार जितेन्द्र थापाको । कुखुरामा बर्डफ्लु संक्रमण फैलिएको बारे जानकारी लिन खोज्दा सरकारी अधिकारीले अनलाइनलाई बेवास्ता गरेको थापा गुनासो गर्छन् ।

/fHon]lbg] ;Ddfg, k'/:sf/ jf ljb]z e|d0fdf Pk\Pd /]8of]df sfo{/t kqsf/nf0{ nueu aGb]h nufOPsf] cj:yf 5 .

राज्यका निकाय र संरचना रेडियो पत्रकारका लागि अनुकूल छैनन् । संसद् भवनमा रेडियोका लागि आवाज रेकर्ड गर्ने ठाउँसमेत छैन । सिंहदरबारमा छँदा रेडियो नेपाल वा राससको कार्यकक्षमा गएर आवाज रेकर्ड गर्नुपर्ने अवस्था थियो । संसदीय मामिला पत्रकारका लागि संसद्ले दिएको कार्यकक्ष/मिडिया सेन्टरमा रहेको स्पिकरमा रेडियोका पत्रकारले आवाज रेकर्ड गर्न पाउँदैनथे । अखबारमा काम गर्ने पत्रकारले नियतवश हल्ला गरिदिएर रेडियोका पत्रकारलाई आवाज रेकर्डमा अवरोध सिर्जना गर्थे । पुरानो नियति संविधानसभा अवधिभर रह्यो, संविधानसभाका महत्वपूर्ण बैठकमा रेकर्ड गरिएका अडियोमा संसद्भित्र बोलिएका भन्दा मिडिया सेन्टरको हल्ला र सुरक्षाकर्मीका वाकीटकीका आवाज सुनिन्थे । पञ्चायतकालीन सरंचना रहेको संसद् सचिवालयमा जननिर्वाचित राष्ट्रपतिले संसद्मा सरकारको नीति तथा कार्यक्रम पेस गर्ने दिन संसद्मा रिपोर्टिङमा नआउने पत्रकारका नाममा निमन्त्रणा कार्ड पठाइयो, तर नियमित रिपोर्टिङ गर्ने रेडियोका पत्रकारले पाएनन् । जनआन्दोलनको समयमा प्रहरीले कर्फ्युका समयमा रिपोर्टिङ गर्ने पास एफएम रेडियोलाई दिन अस्वीकार गर्‍यो । राजनीतिक दलका कार्यकर्ता र सरकारी अधिकारीहरू ग्रामीणस्तरसम्म सूचना र सञ्चारका माध्यम एफएम रेडियो हुन् भन्नेमा सहमत भएपछि एफएम रेडियोलाई रिककनाइज गर्न हिचकिचाइरहेका छन् । एफएम रेडियोका पत्रकारले सूचना विभागबाट पत्रकार परिचयपत्र (प्रेस पास) पनि सहज ढंगले पाउँदैनन् ।

## पुस्तान्तरणको समस्या

समस्या पुराना पत्रकारको मात्र होइन, नयाँ पुस्ताका पत्रकारमा पनि उत्तिकै छ । पुराना पत्रकारलाई सम्मान गर्ने, उनीहरूसँग पुराना कुरा सिक्ने र बुझ्ने संस्कार नयाँ पुस्ताका पत्रकारले जानेका छैनन् । सूचना र पुराना कुराको ज्ञान राख्नेभन्दा पनि प्रविधिसँग रमाएका 'ल्यापटप पुस्ता' का पत्रकार पनि आफूलाई सर्वश्रेष्ठ ठान्छन् । पुराना पुस्ताका पत्रकारले आफूहरूले सिकेको कुरा नयाँ पुस्तालाई सिकाउँदा आफ्नो ज्ञानभण्डार रित्तिन्छ जस्तो गर्ने र नयाँ पुस्ताका पत्रकारले पुरानासँग नजानेको कुरा सिक्दा आफ्नो कद घट्छ कि भन्ने भ्रमबाट मुक्त हुन सकेका छैनन् । पत्रकारबीच झाङ्गिँदै गएको वर्ग विभेद र पुस्तान्तरणको समस्या नेपाली पत्रकारिता क्षेत्रको व्यावसायिक विकासको तगारो बनेको छ । ●



# पत्रकार महिलाका चुनौती र नेतृत्वको प्रश्न

■ संगीता खड्का

पत्रकारिता क्षेत्र क्रमिक रुपमा महिलाहरुको पनि आकर्षणको क्षेत्र बन्दै गएको छ । विगतको तुलनामा यस क्षेत्रमा महिलाहरुको प्रवेश उत्साहपूर्वक ढंगले अघि बढ्न थालेको छ । पत्रकारिता क्षेत्रमा महिलाहरुको आकर्षण बढ्नु समग्र पत्रकारिता क्षेत्रकै लागि खुशिको विषय हो । यो पेशा जसले समाजलाई अगाडि बढाउन महत्वपूर्ण भूमिका खेलिरहेको हुन्छ । यस जटिल र जोखिमपूर्ण पेशामा प्रवेश गरि आफुलाई निरन्तर टिकाईराख्न पत्रकार महिलाले थुप्रै चुनौतीहरुको सामना गर्नुपर्ने हुन्छ । नेपाली पत्रकारिता क्षेत्र यतिबेला विस्तारै वामे सर्दैछ । दशकौंको संघर्ष पछि यसले संख्यात्मक र गुणात्मक दुवै हिसाबले आफूलाई जर्बजस्त विकासको गतिमा डोयाउन थालेको छ । पत्रकारिता क्षेत्रमा जति संभावनाका उचाईहरु देखापरेका छन् त्यतिनै चुनौतीका पहाडहरु पनि खडा भएका छन् । यसमाथि पनि पत्रकार महिलाहरुको अवस्था र चुनौतीलाई हेर्ने हो भने त झन् निक्कै नाजुक अवस्था छ ।

### पत्रकारिता क्षेत्रमा महिलाको अवस्था

आज भन्दा १० बर्ष  अघि पत्रकारिता क्षेत्रमा महिलाहरुको संख्या केही सयको हाराहारीमा मात्रै थियो । अहिले त्यो संख्या केही हजारको हाराहारीमा पुगेको छ । नेपाल पत्रकार महासंघको सदस्यता संख्यालाई नै हेर्ने हो भने पनि कुल सदस्य संख्या आठ हजारको हाराहारीमा रहेको मध्ये दुई हजार महिला सदस्य छन् । पत्रकारिता पेसामा भर्खरै प्रवेश गरेका  र सदस्यता लिने तयारीमा रहेका केही पत्रकार महिलाको समेत हिसाब गर्ने हो भने त  अझै त्यो संख्या तिन हजारको हाराहारीमा पुग्ने निश्चित छ । विशेषत एफ एम रेडियोको देशब्यापी विस्तार र छापा माध्यममा पनि राजधानी सहित देशभर संचार संस्था बढ्ने कम संगै पत्रकार महिलाको संख्यामा पनि उत्साहजनक बृद्धि भएको देखिन्छ ।

### निरन्तरताको समस्या

पत्रकारिता क्षेत्रमा जसरी महिलाको संख्या बृद्धि हुदै गएको छ । त्यहि अनुपातमा यस पेशाका चुनौतीहरु संग जुध्दै पेशामा निरन्तर टिक्ने सन्दर्भमा भने अहिले पनि निराशाजनक अवस्था भेटिन्छ । पत्रकारिता पेशाबाट कमाइने सार्बजनिक लोकप्रियताका कारण यस पेशामा पुरुष वा महिला सबै आकर्षित बन्न पुग्दछन् । पत्रकारिता पेशामा प्रवेश गर्न कुनै निश्चित लाइसेन्स वा विशेष मापदण्ड पुरा गर्नु पर्ने कुनै बाध्यात्मक व्यबस्था नभएको कारण उच्च शिक्षा अध्ययनको शुरुवात बाटै यस पेशामा आकर्षित युवा पुस्ता सहभागि हुने

गर्दछन् । स्वयंसेवी वा थोरै पारिश्रमीक लिएर प्रशिक्षार्थि पत्रकारकोरुपमा जव युवा पुस्ता प्रवेश गर्दछ क्रमस उसलाई यस पेसा प्रतिको लगावले छोइसकेको हुन्छ । हाम्रो जस्तो मुलुकमा पत्रकारिता क्षेत्रमा युवाहरुको यस प्रकारको प्रवेश गर्ने तरिकाले थुप्रै समस्या पनि पैदा गरीदिएको छ । क्षणिक आर्कषण देखेर वा यस पेशाका विशेषताहरुवाट प्रभावित भएर यस क्षेत्रमा प्रवेश गरेका महिला वा पुरुष दुवैले थुप्रै जटिलता संग जुध्नु पर्दछ । हाम्रो जस्तो पितृसत्तावादी सोचवाट गुज्रिरहेको मुलुकका महिलाहरुले त अझ थप समस्यासंग सामना गर्नु पर्दछ । पत्रकारिता पेशा अन्य पेशा जस्तो दस पांचको जागिरे काम जस्तो हुदैन ।

भनिन्छ पत्रकारको डिउटी चौवीस घण्टा नै हून्छ । आफ्नो कार्य अवधि निश्चित समय भए पनि विशेष रिर्पोटिगको शिलसिलामा रात विहान नभनी खट्नु पर्ने हुन्छ । यस पेशामा प्रवेश गरिसकेका पत्रकार महिलाहरु जव वैवाहिक जिवनमा प्रवेश गर्दछन वा वच्चाको जिम्मेवारी सम्हाल्नुपर्ने परिस्थितीमा हुन्छन यस्तो अवस्था पछि करीव २५ प्रतिशत महिलाहरु यस पेशावाट पलायन भई अन्य पेशा रोज्न पुग्छन, भने लामो समय पत्रकारिता पेशामा जमेर आफ्नो पहिचान वनाइसकेका केही महिलाहरु पेशाको जटिलता र अर्थिक असुरक्षाका कारण पनि राम्रा अवसरहरु आउने वित्तिकै अर्को पेशामा प्रवेश गरिहाल्दछन । पत्रकारिता पेशाको लोकप्रियता वाट आर्कषित भइ प्रवेश गर्ने मध्ये आधाआधिले मात्रै यस पेशालाई निरन्तरता दिइ रहेका हुन्छन ।

## निर्णायक तहमा महिला

पत्रकारीता पेशा एक जोखिमपुर्ण र प्रतिस्पर्धात्मक क्षेत्र भएको कारण यो पेशा धेरै महिलहरुको रोजाइको क्षेत्र पर्दैन ।जस्ले सवै जटिलताहरु संग जुध्ने हिम्मत गर्दछ तिनै महिलाहरु मात्रै यस पेशामा प्रवेश गरेका हुन्छन भने प्रवेश गरिसकेका मध्ये पनि आधाले मात्रै यस पेशामा आफुलाई निरन्तर टिकाइराखेका हुन्छन । हाम्रो जस्तो पितृसत्तावादी सोचले ग्रसित समाजमा एउटा पत्रकार महिलाले छोरी , श्रीमती ,बुहारी र आमाको भुमिकामा निभाउनु पर्ने सम्पुर्ण कर्तव्य पुरा गरेर मात्रै आफ्नो पेशामा कृयाशिल हुन पाएका हुन्छन तर पनि पुरुष संग प्रतिस्पर्धा गदै आफ्नो दक्षताको भरमा पत्रकार महिलाहरु पेशामा टिकिरहेका हुन्छन ।

थुप्रै समस्या संग जुध्दै जति पत्रकार महिलाहरु यस पेशामा टिकेका हुन्छन तिनिहरु मध्ये निर्णायक तहमा अपवादका रुपमा वाहेक अरु संख्यामा महिलाहरु देख्न सकिदैन । काम गराइको समान अबधि, समान दक्षता हुदाहुदै पनि राज्य वा निजी दुवै संचार माध्यममा अन्तत निर्णयक तहमा जहिले पनि पुरुष पत्रकारलाई नै प्राथमिकता दिइन्छ तर महिला पत्रकारहरुलाई भने पछि पारिन्छ । समावेशीताका नारा सामान्य तहमा केही हद सम्म कार्यान्वयन भए पनि नेतृत्वदायी तहमा महिलाहरुलाई पुर्‍याउने विषयमा न त राज्यलाई सोच्ने फुर्सद छ न त नीजि क्षेत्रलाई । पन्ध्र विस वर्ष पत्रकारीता क्षेत्रमा जमेर काम गरेका महिलाहरु पनि अन्तत निर्णयक तहमा पुग्न नसके पछि कि त अपमान सहेर पनि काम गरिरहेका हुन्छन कि त स्वतन्त्र पत्रकारको भुमिकामा हुन्छन ।

जवसम्म निर्णायक तहमा पनि महिलाहरुको नेतृत्व विकास गर्ने र अवसर प्रदान गर्ने तर्फ राज्य र नीजि क्षेत्र गंभिर देखिदैनन तव सम्म तल्लो तहमा पत्रकार महिलाको संख्या वढे पनि अन्तत माथिल्लो तहमा पुगेपछि पनि पेशावाट पलायन वा स्वतन्त्र पत्रकारको रुपमा विस्थापीत हुन महिलाहरु वाध्य हुन्छन । यसर्थ पत्रकारिता क्षेत्रमा महिलाहरुको प्रवेश , निरन्तरता हुदै नेतृत्वदायी तहमा विकास गर्ने तर्फ राज्य र नीजि क्षेत्र दुवैले प्राथमिकता पुर्वक सोच्न जरुरी छ । यस्का लागी राज्यले आफ्ना नीतिहरुमा सुधार गर्दै समावेशिताकको नारालाई तल देखी माथील्लो तह सम्म नै कार्यान्वियन गर्न आवश्यक छ । पत्रकार महिलाहरुले पनि यस प्रतिस्पर्धात्मक पेशामा आफुलाई अब्वल राख्न आफुमा देखीन सक्ने कमी कमजोरीलाई केलाउदै हरेक समस्या संग जुध्दै अगाडी वढनु पर्दछ ।

हाम्रो जस्तो समाजमा पुरुषहुनुले नै आधा सफलता हात पारिसकेको हुन्छ भने महिलाहरु घरायसी ,सामाजिक परीवेश संग जूध्दै थुप्रै परिक्षामा सहभागी हुदै अगाडी वढनु पर्ने हुन्छ । यसर्थ पत्रकार महिलाहरुले पनि नेतृत्वदायी तहमा पुग्न आफुलाई विकास गर्दै अगाडी वढन आवश्यक छ । ●





;~rf/sdL{dfly ePsf] cfqmd0fsf]lj/f]wdf kqsf/x?n]/fhwfgLdf u/]sf]kbz{g . t:jL/M zflnu|fd ltjf/L



b}lgs sf lj:yflkt kqsf/nf0{dxf;+3sf]kxndf kg:yf{kg u/]kl5 b}lgs ahf/df dfcf]jfbL g]tf nufotn]:jfut ub{. t:jL/M k|sfz clwsf/L

g]kfn kqsf/ dxf;+3åf/f k|sflzt q}dfl;s ‘kqsfl/tf’
;Dkfbs ozf]bf ltlD;gf, sfo{sf/L ;Dkfbs afns[0f a:g]t
;Dkfbg d08n kl|sfz yfkf, ;'o{d0fL uf}td, kb|ft rnfpg]
sfof{no ;~rf/u|fd, ltnuËf, sf7df8f}+kmf]g )!–$!!@&^#, $!!@^&#, ^ofS; )!–$!!@&*%
j]a;fO6 www.fnjnepal.org , O{d]n fnjnepal@mail.com.np